प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily .com

❖ वर्ष ३७ ❖ २०८० चैत २८ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 10 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१९

## पर्साको ग्रामीण भेगमा आगलागीका घटनामा वृद्धि

ओमप्रकाश चौधरी, सेढवा, २७ चैत/

हावाहुरीको मौसमसँग विभिन्न कारणले पर्साको ग्रामीण भेगमा आगलागीका घटनाहरू वृद्धि भएका छन्। गएराति धोबिनी गाउँपालिकाको गुलरियामा चारवटा घर जलेर नष्ट भए। मङ्गलवार पटेर्वासुगौली गापा–४ पटेर्वामा आगलागी भएर एउटा घर जलेर नष्ट भएको छ। यसअघि गत साता जीराभवानी गापा–५ सखुवनियामा आगलागी भएर एउटा घर जलेर नष्ट भएको थियो। आगलागीबाट लाखौंको धनमाल, मानवीय र पशु क्षति हुँदै आएको छ। मौसम अनुसार चैतदेखि जेठ महीनासम्म आगलागी हुन्छ भने अन्य कारणबाट बर्सेनि आगलागीका घटनाहरू भइरहेका छन्।

अहिलेसम्मको तथ्याङ्कले सबैभन्दा बढी लामखुट्टे मार्नको लागि गोठमा लगाइने घुर (आगो) आगलागीका मुख्य कारण हुने गरेको छ। ग्रामीण क्षेत्रमा लामखुट्टे धपाउनका लागि पशुगोठमा लगाइने धुर आगलागीको प्रमुख कारण देखिएको छ भने वीरगंज महानगरपालिका क्षेत्रमा विद्युत् सर्टबाट आगलागीका घटना बढी हुने गरेको छ। यसको अलावा बीमाबापतको रकम दाबी गर्न पनि नियोजित तरीकाबाट आगलागी हुने गरेको छ।



तस्वीर: प्रतीक

पर्सा जिल्लामा १४ वटा पालिका अर्थात् स्थानीय सरकार छ। यसमध्ये वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका र सखुवाप्रसौनी गाउँपालिकाले आगलागी नियन्त्रणका लागि वारुणयन्त्र (दमकल)को व्यवस्था गरेको छ। बाँकी दुई नपा र नौवटा गापाले वारुणयन्त्रको व्यवस्था गरिसकेका छैनन्। पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले पोखरिया नपाको वारुणयन्त्रले पर्सा जिल्लाका ठोरीलगायत विभिन्न पालिका र बारा जिल्लामा पनि सेवा प्रदान गर्दै आएको बताए। उनले वारुणयन्त्र सञ्चालनका लागि कर्मचारीको तलब, भत्ता, इन्धनमा मात्र बर्सेनि १५ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको बताए। वारुणयन्त्र नभएका पालिकाहरूले बैठकमा सहयोगको आश्वासन दिने गरेको तर अहिलेसम्म कुनै सहयोग प्राप्त नभएको दुःखेसो पोखे। उनले आफ्नो पालिकाले मानवीयता प्रदर्शन गर्दै सेवा दिए पनि सेवा लिने पालिकाहरूले भने आफ्नो जिम्मेवारी नदेखाएको बताए।

मुलुक सङ्घीय गणतन्त्र भएपछि २०७४ सालमा गठित पालिकाका प्रमुखहरूले सर्वप्रथम आफ्नोलागि चार चक्के गाडी धमाधम खरीद गरे। प्रमुख चार चक्के गाडीमा चढेर घुम्न लागेको देखेर उपप्रमुखहरूले पनि चार चक्के खरीद गरे भने कसैले भाडामा लिएर पनि चलाए। अहिले प्रमुख प्रशासकीय अधिकृतहरू पनि चार चक्के गाडीमा सवार भएका छन्। कुनै पालिकाले गाडी खरीद गरेका छन् भने धेरैले भाडामा लिएर गाडी चलाइरहेका छन्। वडाध्यक्ष, सदस्य र वडासचिवहरूले सञ्चालन गर्ने मोटरसाइकल अनगिन्ती छन्। चार चक्के गाडीप्रति प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्ष, सदस्य अनि सचिवहरूको मोटरसाइकल मोहबारेमा समाचारहरू प्रकाशन भएपछि पालिकाहरूले लाजगालले एम्बुलेन्स सेवा शुरू गरेका छन्। अहिले पर्सा जिल्ला एम्बुलेन्सको मामिलामा अगाडि छ। प्रत्येक पालिकामा कम्तीमा दुईवटा एम्बुलेन्स छन्। पालिकाहरूले आफ्नो पालिकाका सुत्केरी, बिरामीहरूलाई निश्शुल्क एम्बुलेन्स सेवा प्रदान गर्दै आएका छन्। यो गर्नुको कारण पालिकाबाट इन्धन, सवारीसाधन मर्मत र भाडामा खर्च हुने वार्षिक लाखौं रकममा सर्वसाधारणहरूको चासो नहोस् भन्ने मात्र हो। वीरगंज महानगरपालिकाको मर्मत, इन्धनमा करोडौं खर्च छ भने तीनवटा नपा र १० वटा गापा प्रत्येकको रु ५० लाखभन्दा बढी वार्षिक खर्च हुन्छ।

वार्षिक लाखौं खर्च गर्दै आएका पालिकाहरूले भने न वारुणयन्त्र सञ्चालन गरेका छन्, न सञ्चालनमा रहेका वारुणयन्त्रको सेवा टिकाउ पार्ने प्रयास नै गरेका छन्। वारुणयन्त्र नभएका पालिकाहरूले वारुणयन्त्र सेवा प्रदान गर्दै आएका पालिकाहरूलाई सहयोग गर्ने हो भने ती पालिकाहरूबाट यो सेवा अझै प्रभावकारी हुने थियो।

पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेशकुमार चौधरीले यस वर्ष नयाँ एम्बुलेन्स खरीद भइरहेको हुँदा आगामी वर्ष कार्यपालिका बैठकबाट वारुणयन्त्र खरीदका लागि पहल गर्ने बताए।

## सुवर्णपुरको घरबासमा आन्तरिक तथा विदेशी पर्यटक बढे

माधव तिमिल्सिना, ठोरी, २७ चैत/

पर्यटकीय क्षेत्रको पूर्वाधार कमजोर भएपनि ठोरी गाउँपालिका–५ स्थित सुवर्णपुरमा रहेको मधेस प्रदेशको पहिलो घरबास (होमस्टे)मा यस वर्ष उत्साहजनकरूपमा पर्यटक भित्रिएका छन्। पर्सा जिल्लाको पर्यटकीय क्षेत्रमा नाम चलेको ठोरी गापा–५ सुवर्णपुरमा रहेको सुनाखरी होमस्टेमा यस वर्ष स्वदेशी र विदेशी गरी ५५० जना पर्यटक बास बसेका छन्। वैशाखदेखि चैतसम्मको तथ्याङ्क अनुसार यस वर्ष विदेशीलगायत नेपालका पोखरा, काठमाडौं, विराटनगर, भैरहवालगायतका स्थानबाट ५५० जना पर्यटक घुमफिर गर्न घरबास आइपुगेका देखिएको छ।

व्यवस्थित मनोरञ्जन पार्क र बाल उद्यानसमेत नरहेको सुवर्णपुर घरबासमा यो परिमाणमा पर्यटकहरू आउनु भनेको सुखद भएको घरबास व्यवस्थापन समितिका अध्यक्ष शम्भुराम पौडेल बताउँछन्। उनले वैशाखदेखि चैतसम्म झन्डै ५० जना जर्मन, अमेरिकीलगायतका विदेशी पर्यटकहरू घरबासमा आएको बताए। कोरोना सङ्क्रमणपछि सुस्ताएको पर्यटकीय चहलपहल वृद्धि हुँदै गइरहेको भएपनि ठोरीमा पूर्वाधार निर्माण भने आशालाग्दोरूपमा वृद्धि हुन नसकेको उनले गुनासो गरे।





तस्वीर: प्रतीक

गुम्बा, मन्दिर, निकुञ्जबाहेक बाल उद्यान र पार्क बनिसकेको छैन। बौद्ध धर्मका गुम्बा, बाघमोर्चा मन्दिर, पर्सा राष्ट्रिय निकुञ्ज, गडुवामा रहेको पोखरी, शहीद स्मारक, ठोरीको रातो पहाड, सेतो भीर, गोले डाँडा जस्ता सीमित धार्मिक र प्राकृतिक स्थलहरू मात्र रहेकाले यहाँ आउने पर्यटकहरूलाई धेरै दिनसम्म टिकाउन नसकिएको उनले बताए। सुवर्णपुर आइपुगेका पर्यटकहरूलाई सीमित ठाउँमा मात्र घुमफिर गराउनुपर्ने बाध्यता रहेको अध्यक्ष पौडेल बताउँछन्। घरबासका प्रत्येक कोठा पर्यटकका लागि आवश्यक सुविधासम्पन्न रहेको तर पर्यटकीय पूर्वाधार वृद्धि नहुँदा पाहुनाको बसाइ अवधि लम्ब्याउन कठिन हुने गरेको उनले बताए।

सुवर्णपुरमा घरबास सञ्चालनमा आएको सात वर्ष बित्न लाग्यो तर यो अवधिमा पर्यटकलाई आकर्षित गर्न थप गन्तव्यको निर्माण नहुँदा यहाँ आउने पर्यटकहरू दोहोरिएर आउने वातावरण बनिनसकेको र अहिलेसम्म पुराना पर्यटकहरूमा स्वदेशीबाहेक विदेशी दोहोऱ्याएर नआएको अध्यक्ष पौडेलले बताए।

मधेस प्रदेशकै पहिलो घरबासमा पर्यटकहरूले प्रतिव्यक्ति रु एक हजार तिरेर पर्सा राष्ट्रिय निकुञ्जभित्र जीप सफारी गर्न पाउँछन्। प्रदेश सरकारले अनुदानमा उपलब्ध गराएको जीपलाई घरबासले आफैं सञ्चालन गरेर निकुञ्जभित्र रहेको प्रसिद्ध धार्मिकस्थल दुग्धेश्वर भाठाधामसम्म अवलोकन गराउन लैजाने व्यवस्था मिलाएको उनी बताउँछन्।

आगामी वर्षदेखि घरबास आफैंले शुद्ध तोरीको तेल पर्यटकहरूलाई सुलभ मूल्यमा बिक्री गर्दै यहाँको तोरीको तेलको प्रचारप्रसार गर्ने तयारी गरेको उनले बताए। आगामी वैशाखबाट घरबास आफैंले तोरी पिस्ने मिल सञ्चालन गर्न लागेको र पर्यटकहरूलाई तोरीको तेल सुपथ मूल्यमा बिक्री गर्ने योजना रहेको उनले बताए। सुनाखरी उपभोक्ता समितिको पहलमा गत महीना तराई भुपरिधि कार्यक्रमले घरबासलाई तोरी पिध्ने मिल उपलब्ध गराएको थियो।

सात वर्षअघि १० वटा घरबाट शुरू गरिएको सुवर्णपुर घरबासमा अहिले थप पाँचवटा घर समावेश गरिएको छ। १५ वटा घरमा गरी ३० वटा शय्या छन् र अधिकतम ९० जनासम्मलाई राख्न सकिने व्यवस्था रहेको अध्यक्ष पौडेलले बताए। घरबासमा आउने पर्यटकहरूलाई तामाङ गीत, नृत्य तथा संस्कृति देखाउने गरिएको छ। यसले यस क्षेत्रका बहुसङ्ख्यक बसोबास रहेको तामाङ संस्कृतिको प्रचारप्रसार हुँदै आएको छ।

## अन्सारी र साहविरुद्ध कालोबजारीमा मुद्दा
## दुई दिनको थुना आदेश, अन्सारी आइसियूमैं

प्रस, वीरगंज, २७ चैत/

नेशनल मेडिकल कलेज एवं शिक्षण अस्पताल वीरगंजको प्रयोगशालामा मिति गुज्रिएका केमिकलहरू बरामद भएपछि सो कलेजका सञ्चालक शाहनबाज अन्सारी र प्रयोगशाला प्रमुख सञ्जय साह पक्राउ परेको घटनाले मङ्गलवार पनि निकै चर्चा पायो।

घटनाको विरोधमा दिउँसो १ बजेदेखि कलेजका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरूले अस्पतालको सेवा प्रभावित गरेर ऱ्याली निकाली जिल्ला प्रहरी कार्यालय, पर्साको प्रवेशद्वारमा तीन घण्टा प्रदर्शन गरे।

उनीहरूले सञ्चालक अन्सारी र प्रयोगशाला प्रमुख साहलाई रिहा गर्न माग गरेर प्रदर्शन तथा धर्ना दिएका थिए। तर जिल्ला प्रहरी कार्यालय, पर्साले भने सञ्चालक अन्सारी र प्रयोगशाला प्रमुख साहविरुद्ध आज पर्सा जिल्ला अदालतमा कालोबजारीसम्बन्धी मुद्दामा दुई दिनको थुना आदेश लिएको छ। पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले आज यसबारेमा प्रतिक्रिया दिनुपर्ने देखेर सञ्चारकर्मीहरूको फोन उठाएनन्।



यता हिजो रातिदेखि सञ्चालक अन्सारी वीरगंज हेल्थकेयर अस्पतालको सघन उपचार कक्ष (आइसियू)मा भर्ना छन्। प्रहरीले थुनामा राख्नुपूर्व अस्पतालमा चेकजाँच गराउनुपर्ने कानून पालना गर्ने क्रममा हिजो राति साढे ८ बजे नारायणी अस्पतालको आकस्मिक कक्षमा लगेको थियो। त्यहाँका चिकित्सकले अन्सारीको रक्तचाप बढेको र निजले मुटु दुखेको भनेकाले नारायणीमा सघन उपचार कक्ष (आइसियू) खाली नभएकोले अन्यत्र उपचारका लागि रेफर गरेको थियो। सोही आधारमा वीरगंज हेल्थ केयरमा

(बाँकी अन्तिम पातामा)

## दुई अस्पतालमा छापा, केही भेटिएन

प्रस, वीरगंज, २७ चैत/

वीरगंज महानगरपालिका अन्तर्गत उपप्रमुख इम्तियाज आलम संयोजक रहेको बजार व्यवस्थापन तथा अनुगमन समितिको अगुवाइमा मङ्गलवार दुईवटा अस्पतालका प्रयोगशाला र औषधिपसलमा छापामारी भएको छ।

बजार व्यवस्थापन तथा अनुगमन समितिका अनुसन्धान अधिकृत विपिनलाल दासले प्रभु अस्पताल र नेपाल मेडिसिटी वयोधा अस्पतालको प्रयोगशाला र औषधिपसलमा छापामारी गरिएको तर सबै कुरा दुरुस्त पाइएको बताए।

उनले प्रयोगशाला र औषधिपसलमा सरोकारवाला निकायका प्रतिनिधिहरूसहित छापामारी गरिएको तर त्यहाँ रहेका केमिकल र औषधिमा कुनै खोट नपाइएको बताए।





तस्वीर: प्रतीक

टोलीमा औषधि व्यवस्था कार्यालय वीरगंजका अधिकृत ओम जयसवाल, वाणिज्य तथा उपभोक्ता कार्यालय वीरगंजका मधुरेश साह, जिल्ला प्रशासन कार्यालय पर्साका ब्रह्मदेव यादव, सशस्त्र, जनपद र नगरप्रहरीलगायतको सहभागिता रहेको अधिकृत दासले बताए।

## वृद्धाश्रम शिलान्याससम्बन्धी सूचना

ॐ श्री हनुमान वृद्धाश्रमको भवन निर्माणका लागि शिलान्यास हुन गइरहेको छ। तिलावे पुलभन्दा दक्षिण, झौवा–अमरपट्टि जाने बाटोभन्दा पूर्व र तिलावे नदीभन्दा पश्चिम निर्माण हुन गइरहेको वृद्धाश्रम भवन–शिलान्यास कार्यक्रममा यस संस्थाका सम्पूर्ण संस्थापक तथा अन्य सबै श्रेणीका सदस्यहरूलाई निम्नानुसार उपस्थित हुन अनुरोध छ।

**मिति : २०८१ साल वैशाख १ गते शनिवार**
**समय : बिहान ९ बजे**

## विचारसार र सूक्तिहरू

**सम्बन्ध यदि भित्रबाट छ भने मन कहिले भर्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# प्रहरीलाई निल्नु न ओकल्नु

**माछापोखरी सञ्चालकहरूले दुई थरीका पोखरी बनाएका हुन्छन् । एउटा पोखरीमा माछाका भुरा हाल्छन् अनि त्यो माछा हुर्के बढेपछि अर्को पोखरीमा विस्थापित गर्छन् । यसरी एउटा पोखरीबाट अर्को पोखरीमा माछा विस्थापित गर्ने क्रममा ठूला माछाहरूलाई बिक्री गर्ने प्रयोजनले निकालिन्छ भने साना माछाहरूलाई अर्को पोखरीमा विस्थापित गरिन्छ । यसो गर्नुको तात्पर्य साना माछाहरू अर्को पोखरीमा पुनः तयारी होस् भन्ने हो । ठूला माछाहरू निकाल्नुको कारण भने उनीहरूबाट साना माछालाई हानिनोक्सानी नपुगोस् एउटा कारण हो भने अर्को कारण ठूला माछा ननिकाल्दा उसले बढी दाना खानु हो । दाना बढी खाँदा औसतमा नबढ्ने गरेकोले पोखरीबाट सानो माछा विस्थापित गर्ने र ठूलो माछा बिक्री गर्ने विधि अपनाइएको हुन्छ । जसको माछाको ठूलो कारोबार छ, उसले यो विधि अपनाएको हुन्छ । जसको सानो कारोबार छ र एउटा मात्र पोखरी छ भने उसले यसो गर्दैन ।**

**यहाँ यो कुराको उठान किन गरिएको हो भने चैत २६ गते सोमवार नेशनल मेडिकल कलेज एवं शिक्षण अस्पतालमा महानगरको बजार व्यवस्थापन तथा अनुगमन समितिको अगुवाइमा त्यहाँको प्रयोगशालामा छापामारी भयो । महानगरपालिकासँगै सरोकारवाला, औषधि व्यवस्था कार्यालय, वाणिज्य कार्यालय, जिल्ला प्रशासन, घरेलु, वीउवासङ्घ, उपभोक्ता हकहित संरक्षण मञ्चका साथै सुरक्षाका लागि जनपद अनि सशस्त्र प्रहरी र नगर प्रहरीको टोली परिचालित थियो । प्रयोगशालामा रहेका केमिकलहरूमध्ये ७० प्रतिशत अर्थात् ३३ थरीका केमिकलहरू मिति गुज्रिएका थिए । छापामारीको अगुवाइ गरेको महानगरपालिकाले ल्याब सिल पनि गरेन, दण्ड जरिवाना पनि गरेन । स्वास्थ्य संवेदनशीलता भनेर नयाँ केमिकलको प्रयोग गर्न निर्देशन दिंदै बाहिरियो । तर सुरक्षाको प्रबन्ध मात्र गर्ने निकाय जिल्ला प्रहरी कार्यालय, पर्साले भने ल्याब प्रमुखका साथै कलेज सञ्चालकलाई पनि पक्राउ गऱ्यो । छापा मार्ने कार्यालयले केही नगर्ने अनि ऊसँग गएका अन्य कार्यालयहरू पनि मूकदर्शक बनेको यो घटनामा प्रहरी प्रमुख नै घटनास्थलमा पुगेर अभियुक्त ठहर गरी समाउनु भने आश्चर्यलाग्दो घटना बनेको छ । महानगरको अगुवाईमा भएको यो घटनामा उसले दण्ड, जरिवाना नगर्नु आफैंमा उदेकलाग्दो छ । किनभने महानगरपालिकाले यसअघि गर्ने बजार अनुगमनमा ससाना पसलहरूलाई दण्ड, जरिवाना गर्दै आएको छ ।**

**वाणिज्य, औषधि, घरेलुले पनि गर्ने अनुगमनमा दोषी देखिनेहरूलाई कारबाही गरिन्थ्यो । उपभोक्ता हितविपरीतका काम गर्नेहरूलाई कारबाही गरिनु उचित हो । अनि अपराध गर्नेविरुद्ध जुनसुकै निकायले पनि कारबाही प्रक्रिया चाल्नु गलत भने होइन । तर यहाँ नियतको कुरा आउँछ । अहिलेसम्म भएका बजार अनुगमनका घटनामा रस्साकस्सी, मारपीटसम्म भएका छन् । त्यस्ता घटनामा अनुगमनकारीसँगै परिचालित सुरक्षाकर्मीहरू काफी हुँदै आएका थिए । हिजोको घटनामा प्रहरी उपरीक्षक आफैं पुगेका छन् । उनको आदेश मात्रमा पनि अभियुक्तहरूलाई पक्राउ गरेर ल्याउन सक्ने वातावरण थियो । तर त्यसो भएन माछा ठूलो थियो, त्यसलाई मार्न जरुरी थियो । अहिले ठूलो माछाको काडा घाँटीमा अड्किएको छ । छापामारीको अगुवाइ गर्नेले दण्ड, जरिवाना र मुद्दा गर्न सकेको छैन । साक्षी भएर गएका निकायहरू पनि आफ्नो दायित्व र जिम्मेवारी हैन भनेर पन्छिएका छन र ठूलो माछा मारेको प्रहरीलाई निल्नु र ओकल्नु भएको छ ।**

# परराष्ट्रमन्त्रीको चीन भ्रमण र उपलब्धि

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**नेपाल र चीनबीच बिआरआई कार्यान्वयन सम्झौता नै नभएको बेला चीनजस्तो ठूलो राष्ट्रले यसरी कुरा गर्नु हैकमको पराकाष्ठा नै हो । यसबाहेक अन्य सबै मुद्दमा कुरा मिलेको मानिए पनि वास्तविकता यसैबाट उजागर हुन्छ ।**

नेपाली काङ्ग्रेससँग गठबन्धन गरेर बनेको सरकार र एमसिसी अनुमोदनका कारण चीनसँग तनावमा रहेको हाम्रो सम्बन्ध अहिले माओवादी र एमाले मिलेर बनेको गठबन्धन सरकारको समयमा अपेक्षाकृत सुधार हुने अनुमान गरेर नेपालका उपप्रधान एवं परराष्ट्रमन्त्रीको ९ दिने चीन भ्रमणबाट धेरै अपेक्षा राखिएको भए पनि प्रचारप्रसार भने कम नै गरिएको थियो । उनको यो भ्रमण पूरा भएको छ र यस पृष्ठभूमिमा नेपाल–चीन सम्बन्धबारे छलफल हुनु राम्रै हो ।

नेपालले चीनले अपेक्षा गरेजस्तो भारत र चीनबीच समदूरीको सम्बन्ध बनाएर बस्ने तथा अमेरिकातर्फसमेत झुकाव नराख्ने देखिएकोले नै आफ्नो नेपाल भ्रमणाका दौरान चिनियाँ विदेशमन्त्रीले नेपाल–चीन सम्बन्धको मूल स्वार्थको प्रतिकूल हुनेगरी नजान स्पष्ट भनेको भए पनि नेपालले अमेरिकासँग गरेको एमसिसी सम्झौतालाई चिनियाँहरूले बीआरआई कार्यान्वयन रोक्ने प्रयासको रूपमा लिएको र भारतसँग भएको १० हजार मेगावाट विद्युत् खरीद सम्झौता पछि सम्बन्ध राम्रो होला भनेर विज्ञहरूले अपेक्षा पनि गरेका थिएनन् र अन्ततः भयो पनि त्यही ।

चिनियाँ विदेशमन्त्रीको औपचारिक निमन्त्रणमा चीन पुगेका उपप्रधान एवं परराष्ट्रमन्त्रीले आफ्नो समकक्षीबाहेक राष्ट्रपति त छाडौं, चिनियाँ प्रधानमन्त्रीसँग शिष्टाचार भेटसम्म गर्न पाएनन् । नेपालको संविधानप्रदत्त उपप्रधानमन्त्रीको पद नचिनेर यस्तो भएको हो वा सम्बन्ध सामान्य छैन भन्ने कुराको सूचक हो भनेर विश्लेषण गर्दा नेपाल फर्केपछि उपप्रधानमन्त्रीले दिएको जानकारी अनुसार उनले चीनसँग, नेपाल–चीनबीच आर्थिक एवं विकास करिडर स्थापनाको प्रस्ताव राखे जसको उद्देश्य तिब्बत, सिचुआन र चोङ क्विङसँग व्यापारिक सम्बन्ध विस्तार गर्नु हो ।

तर विगत केही महीनादेखिको चिनियाँ टोलीको भ्रमण र चिनको उद्देश्यबारे प्रकाशित समाचारहरूको अध्ययन गर्दा चीनले अख्तियार गरेको छिमेक–कूटनीति अनुसार नेपालसँगको सम्बन्ध बनाइराख्ने जिम्मा यी तीन प्रान्तलाई दिएकोले नै हाम्रा उपप्रधानमन्त्री ९ दिनसम्म समकक्षीबाहेक यी प्रान्तका नेताहरूसँगको भेटघाटमा व्यस्त रहनुपरेको हो । यसबाहेक अन्य कुराहरूमा राम्रो र धेरै प्रगति भएको भनिए पनि मुख्य मुद्दा बिआरआई र पोखरा विमानस्थलको ऋण मिनाहा नै थियो । यस सम्बन्धमा सरकारी स्तरबाट दुवै पक्षले केही नभने पनि २ अप्रिलको काठमाडौं पोस्टमा china.com भन्ने समाचार प्रदायक र लोकप्रिय चिनियाँ एप wechat को सन्दर्भ लिएर प्रकाशित समाचार भने उत्साहप्रद छैन । यस पोर्टलमा प्रसारित समाचार अनुसार हाम्रा विदेशमन्त्रीले बडो स्पष्ट शब्दमा पोखरा विमानस्थलको ऋण मिनाहा नगर्ने हो भने नेपाल चीनसँग उच्च दरको ऋण लिन असमर्थ हुने विचार राखेको सन्दर्भमा पोर्टलले भने यस मागलाई अप्रासाङ्गिक भनेको छ । यस सम्बन्धमा अगाडि भारतको नाम उल्लेख गर्दै भनिएको छ–माल्दिभ्सपछि बङ्गलादेशमा पनि शुरू भएको 'क्विट इन्डिया' आन्दोलन नेपालमा भारत पक्षीय नेपाली काङ्ग्रेसको गठबन्धन सरकारको पतन र चिनियाँ सैन्य टोलीको नेपाल भ्रमणबाट असहज भएको भारतको मोदी सरकारले अब नेपाल पनि भारतको नियन्त्रणबाट फुत्कला भन्ने भयले नेपाललाई बिआरआईबाट टाढा राख्न दिएको दबाबको फलस्वरूप Nepal used BRI as a bargaining chip to Blackmail us (China) into waving loans. दक्षिण एशियामा भारत र चीनबीच चलिरहेको होडबाजीको अवस्थामा नेपालको शर्त मान्दा श्रीलङ्का, बङ्गलादेश, पाकिस्तानलगायत बिआरआईमा संलग्न अन्य देशहरूबाट पनि यस्तो माग आउन सक्ने भएकोले नेपालालाई यस्तो गर्न चीनले इन्कार गर्नुपरेको मनसाय व्यक्त गरेको छ ।

कुरा यही हो र चीन सरकारको पनि यही सोच हो भने नेपालले पनि स्पष्टरूपमा के बुझ्नुपर्दछ भने हामीले एक्जिम बैंकबाट ऋण लिएर बनाएको भए पनि मेरो गोरुको बाऱ्है टक्का भनेझैं चीन पोखरा विमानस्थललाई बिआरआई अन्तर्गतको आयोजना मान्दछ । नेपाल र चीनबीच बिआरआई कार्यान्वयन सम्झौता नै नभएको बेला चीनजस्तो ठूलो राष्ट्रले यसरी कुरा गर्नु हैकमको पराकाष्ठा नै हो । यसबाहेक अन्य सबै मुद्दमा कुरा मिलेको मानिए पनि वास्तविकता यसैबाट उजागर हुन्छ ।

चीनकै लामो प्रयासपछि अस्तित्वमा आएको वर्तमान गठबन्धन सरकारले चीनबाट गरेको अपेक्षा पूरा त भएन, भएन, दक्षिण छिमेकी भारतले पनि विद्युत् खरीद सम्झौतालाई वर्ष दिनबाट ३ महीनामा झारेर ६५०+५४ मेगावाट, जुनसुकै बेलाको सट्टा बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्रको खरीद सम्झौता अनुमोदन गरेर वर्तमान सरकारप्रति आफ्नो धारणा कूटनैतिक शैलीमा स्पष्ट गरेको छ ।

यस अवस्थामा हाम्रो परराष्ट्र नीति कति सफल वा कति असफल भन्ने कुरा विज्ञ पाठक स्वयंले विचार गरेर निर्णय गरे उपयुक्त होला । यसका साथै सबै नेपालीले विचार पुऱ्याउनुपर्ने अर्को कुरा समकक्षी भेटका दौरान चिनियाँ विदेशमन्त्रीले नेपालको राजनीतिक अस्थिरताबारे चासो राख्दा हाम्रा परराष्ट्रमन्त्रीले नेपालमा चीनजस्तो एक दलीय शासन नभई बहुदलीय शासन प्रणाली भएको र हङ्ग पार्लियामेन्ट भएको बेला यसरी नै पटकपटक सरकार परिवर्तन भइरहन्छ भनेको समाचार सार्वजनिक भएकोमा विश्वमैं उदीयमान शक्तिराष्ट्रको विदेशमन्त्रीलाई, आफ्नै दुईतिहाई बहुमतको सरकार ढलेको घटना सम्झना भई, नेपाली नेताहरूको विवेकप्रति कति उदेक लागेको होला त्यो शिष्टाचारवश उनले व्यक्त नगरे पनि हामी त अनुमान गर्न सक्छौं ! शायद यसको सट्टा उनले हामीले प्रयोग गरेको समानुपातिक प्रणालीका कारण यस्तो भएको बुझिएकोले अब यसमा परिमार्जनको लागि अध्ययन गर्दैछौं भनेको भए बढी प्रभावकारी हुने थियो । कूटनीतिमा परिपक्वता र चातुर्य चाहिन्छ, शायद यै नभएकोले आज हामी यो परिस्थितिमा उभिएका छौं ।

# सन्दर्भ ज्योतिष दिवस: भविष्य कथन मात्र होइन, ज्योतिष शास्त्र

भरतमणि ज्ञवाली ⁄ रासस

सामान्य अर्थमा ज्योतिष ग्रहहरूको गणित हो । आकाशमा रहेका ग्रहहरूको गणितीय गति र अवस्थासँग जीवन र जगत्सँगको प्रभावको अध्ययन ज्योतिषीय अध्ययन हो । ग्रहले पदार्थमा पर्ने प्रभावको सम्बन्धलाई ज्योतिषीहरूले मसिनो गरी अध्ययन गर्छन् र प्रभावको विश्लेषण गर्छन् । त्यसका लागि नौ ग्रह, १२ राशि र २७ नक्षत्रको आधार लिने गरिन्छ । यिनै २७ नक्षत्रले सिर्जना गरेको ३६० डिग्रीको अक्षांशमा ग्रह र राशिको अधिपत्य रहन्छ । नक्षत्र, ग्रह र राशिको विशेषता, ग्रहहरूको अवस्था र प्रभावको आधारमा भविष्य बताउने काम ज्योतिषीको हो । ग्रहहरूले उत्पन्न गर्ने प्रभावको पूर्वजानकारी राख्ने हुनाले ज्योतिषी केवल भविष्य बताउने मात्र नभई भविष्यको मार्गनिर्देशक पनि हो । मानवजीवनलाई सही मार्गनिर्देश गर्ने कार्यमा ज्योतिषीहरूको अहम् भूमिका रहन्छ ।

हाम्रो समाज आफ्नो जन्मकुण्डली देखाएर भविष्य जान्न चाहन्छ । जन्मका आधारमा आफूले ल्याएको कुरा परिवर्तन हुँदैन भन्ने मनस्थितिका कारण भविष्य कस्तो होला भनेर जान्न चाहन्छ । वास्तवमा जन्मकुण्डली जीवनको मार्गनिर्देश हो र सोही अनुसार कर्म गर्नुपर्छ भन्ने कमैलाई थाहा छ । ग्रहहरूले मानिसको जीवनमा उसको कर्मको खाका बनाइदिएको हुन्छ । धर्म, अर्थ, काम, मोक्षको स्पष्ट मार्गनिर्देश गरेका हुन्छन् । जन्मकुण्डलीमा सम्बन्धित जातक धर्म, अर्थ, काम र मोक्षमध्ये कुन क्षेत्रका अधूरा कार्य सम्पन्न गर्न आएको हो भन्ने स्पष्ट हुन्छ । तर व्यक्तिले आफ्नो कार्मिक लक्ष्यमा भन्दा सामाजिक आधारमा आफ्नो लक्ष्य तय गर्न चाहन्छ । जीवनमा सकारात्मकता ल्याउन कार्मिक सुधार महत्त्वपूर्ण पक्ष हो । यद्यपि मानिस जीवनको लक्ष्य भौतिक उचाइ मात्र ठान्छ । त्यसैले ज्योतिषीले मानिसको जीवनलाई सफल र सार्थक बनाउन उसको कार्मिक प्रारब्धका आधारमा लक्ष्य




निर्धारण गरिदिनुपर्छ ।

मानिस जन्मदा आकाशमा भएका ग्रहहरूको चित्र उसको जन्मकुण्डली हो । जन्मदाको अवस्थाको एउटा विशेष प्रभाव रहन्छ तर प्रतिफलमा उनीहरूको तात्कालिक स्थिति बढी महत्त्वपूर्ण हुन्छ । ग्रहहरूको गति निश्चित नियममा हुन्छ । कुन समयमा कुन ग्रह कहाँ हुन्छ र त्यसको प्रभाव कस्तो हुन्छ भन्ने कुरा ज्योतिषशास्त्रमा स्पष्ट छ । ग्रहहरूको प्रभाव फरकफरक व्यक्ति या पदार्थमा फरकफरक हुन्छ । त्यही फरकफरक प्रभाव सम्बन्धित व्यक्तिमा कस्तो हुन सक्छ भन्ने सूक्ष्म अध्ययनका लागि व्यक्तिको जन्म समयका ग्रहहरूको अवस्था र तात्कालिक अवस्थाबाट निष्कर्ष निकालिन्छ । जन्मकालीन ग्रहहरूको राशि, नक्षत्र, अंश र हाल ग्रहहरूको राशि, नक्षत्र र अंशका आधारमा दैनिक, मासिक या वार्षिक फल या प्रभाव जान्न सकिन्छ ।

मानिसको जन्मकालीन ग्रहहरूको अवस्थाका आधारमा अहिलेको अवस्था कस्तो छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । जीवनका घटनाहरू, आर्थिक, सामाजिक, शारीरिक तथा मानसिक अवस्थाको चित्रण गर्न सकिन्छ । त्यसका लागि ज्योतिषशास्त्रमा नौ ग्रहको प्रभाव फरकफरक तर आफ्नो निजी गुण र धर्मका आधारमा निश्चित गरिएको छ । ग्रहको गुण र धर्म निश्चित हुन्छ तर उसको जन्मकालीन अवस्था र तात्कालिक अवस्थाको प्रभाव निरन्तर बदलिइरहन्छ । जन्मकालीन समयका ग्रहहरूले निश्चित लक्ष्य र उद्देश्य तय गरेका हुन्छन् । उक्त लक्ष्य र उद्देश्यका लागि तत्कालीन ग्रहहरूको अवस्था विशेष प्रभावकारी हुन्छ । ग्रहहरूले तय गरेका लक्ष्य र तात्कालिक गोचरका बीचमा मानिसको मानसिकता र कर्म थपिन पुग्छ । ग्रहहरूका लक्ष्य र मानिसका लक्ष्यबीच तालमेल भएमा सफलता मिल्दै जान्छ भने विपरीत भएमा असफलता मिल्छ । त्यसैले ग्रहहरूले तय गरेका लक्ष्य अनुसार व्यक्तिले आफ्नो कर्म गरोस् भनेर नै ज्योतिषलाई आँखा भनिएको हो । आँखाको प्रयोग लक्ष्यसम्म पुग्नका लागि गरिन्छ । त्यसैले हरेक मानिसले ज्योतिषीय लक्ष्य र जीवनको लक्ष्यबीच सामञ्जस्यता मिलाउन ज्योतिषीय परामर्श लिइरहनुपर्छ ।

जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने ग्रह र तिनले सिर्जना गर्ने प्रभावका विषयमा सामान्य जानकारी राख्नु सबैका लागि लाभदायी हुन्छ । ज्योतिषशास्त्रमा प्रयोगमा आउने नौ ग्रहहरू सूर्य, चन्द्रमा, मङ्गल, बुध, शुक्र, वृहस्पति, शनि, राहु र केतु हुन् । यी ग्रहहरूका फरकफरक र नितान्त निजी स्वभाव र प्रभाव हुन्छन् । ग्रहहरूमा सबैभन्दा पहिलो सूर्य हो । यसले व्यक्तिको आत्माको प्रतिनिधित्व गर्छ । उसमा आत्मविश्वास कस्तो छ ? स्वाभिमान वा आत्मसम्मान कस्तो छ ? हड्डी कति मजबूत छ भन्ने जनाउँछ । यसबाटै उसको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# विश्वविद्यालय पदाधिकारी नियुक्तिमा क्रमभङ्गता

विचार



विनोदखण्ड तिमिल्सेना

**जादुको छडीका रूपमा काम भइहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तव्यतर्फको प्रारम्भ हुन सक्छ। यसमा सबै सत्तासाझेदार राजनीतिक दलहरूको ऐक्यबद्धता आवश्यक छ। प्राध्यापक, कर्मचारीहरूका पेशागत सङ्घ सङ्गठनहरूको सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरूको पनि हातेमालो आवश्यक छ।**

भनिन्छ, कुनै पनि देशलाई ध्वस्त पार्नु छ भने कुनै आणविक अस्त्र वा लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्नुपर्दैन, बरु त्यस देशको शिक्षा क्षेत्रलाई गतिहीन र ध्वस्त बनाए पुग्छ। युरोप र जापानमा जति हतियार र क्षेप्यास्त्र इतिहासमा सायदै संसारको अरू कुनै भागमा प्रयोग भए होला। तर पनि त्यहाँको विकास र समृद्धिमा युद्धको प्रभाव कमजोर छ किनकि त्यहाँको शिक्षा प्रणाली व्यवस्थित र संस्थागत भएको छ।

युरोपका अधिकांश मुलुक आर्थिक गतिविधिहरूको केन्द्र बनेका छन्। त्यहाँ व्यवस्थित प्रणाली र प्रभावशाली संस्थागत विकास भएको छ। अमेरिका संसारको सबैभन्दा शक्तिशाली र वैश्विक आकर्षणको थलो हो। चीन, अस्ट्रेलिया, जापान, क्यानडाआदि संसारका प्रभावशाली राष्ट्रहरू हुन्।

सिङ्गापुरले आर्थिकरूपमा सबलता हासिल गरेको छ। संयुक्त अरब इमिरेट्स र कतार नयाँ एशियायी शक्तिका रूपमा उदाएका छन्। किनकि यी देशहरूमा शैक्षिक संस्था र विश्वविद्यालयहरूमा योग्यतामा आधारित प्रणाली (मेरिटोक्रेसी)लाई उच्च स्थान र प्राथमिकता दिइएको हुन्छ। विद्यार्थी मेरिटका आधारमा भर्ना पाउँछन्, प्राध्यापक अनुसन्धान दक्षता र शैक्षिक उपलब्धिको मेरिटकै आधारमा विश्वविद्यालय छिर्छन्।

नेपालका शिक्षण संस्था र विश्वविद्यालयमा नेतृत्वदायी भूमिकामा नियुक्तिका लागि नेतृत्वगणलाई कस्ता मानिसहरू रुचिकर छन् भन्ने अनुभवमा आधारित रहेर मनन गर्न सकिन्छ। विश्वविद्यालयप्रति आममानिसको भरोसा, शिक्षा मन्त्रालयले विश्वविद्यालयहरूमा दिने प्राथमिकता र उच्च शिक्षाका शैक्षिक उत्पादनहरूको विदेशतर्फ पलायनका लागि लामबद्ध लर्कोलाई अवलोकन गर्दा नेपालका संस्थाहरूको विकासमा विश्वविद्यालयबाट भरोसायोग्य नेतृत्व प्रदान नभएको सत्य हो।

राजनीतिक नेतृत्वमा रहेर शैक्षिक प्रतिष्ठानहरूमा हस्तक्षेप र विश्वविद्यालय वा प्राज्ञिक भूमिकामा रहँदारहँदै राजनीतिक गतिविधिमा अधिक सक्रियताले नेपालमा राजनीतिक व्यक्तित्व र प्राज्ञिक व्यक्तित्व पहिचानमा व्यापक चुनौती थपिएको छ। राजनीतिक भाग पाउनकै लागि विश्वविद्यालय क्याम्पसको होस्टलमा वर्षौंसम्म बसिरहेका र राजनीति गरिरहेका अराजनीतिक व्यक्तिहरूको इशारा र पञ्जाबाट विश्वविद्यालयको नेतृत्वलाई निरपेक्ष राख्न नसक्दासम्म मेरिटोक्रेसी मृगतृष्णा मात्र हुनेछ। विशेषगरी कुनै राजनीतिक दलका नेताको फुर्को समातेर विश्वविद्यालय छिर्ने, केही समयपछि अनशनको जुस पिएर स्थायी बन्ने वा पदोन्नति लिने, बौद्धिक चोरी गरेर प्रकाशन गर्ने र सङ्घ वा सङ्गठनलाई भजाएर राजनीतिक नियुक्तिका रूपमा विश्वविद्यालयको पदाधिकारीमा आसीन हुने र निजी संस्था वा आसेपासेलाई सम्बन्धन बेचेर खाने लठैतहरूबाट विश्वविद्यालय जोगाउन शीर्षनेताहरूमा दायित्वबोधसहितको प्रतिबद्धता आवश्यक छ।

विश्वविद्यालयहरूप्रति आमजनतामा खस्केको भरोसा जगाउने हो भने आमरूपमा कर्मप्रति प्रतिबद्ध, मेरिटोक्रेसीमा अब्बल, अनुसन्धान र अन्वेषणमा काबिल, भनाइ र गराइमा एकरूपता भएका, निडर, सादगी जीवनशैली र सदाचारी व्यवहार भएका मानिसहरू विश्वविद्यालयका नेतृत्वमा पुऱ्याउनुपर्छ। यस्ता जनशक्तिले संस्थागत विकासमा भरोसायोग्य परिणाम दिन सक्छन्।

नेपालमा मेरिटोक्रेसीका जगमा यस्तै मानिसहरू विश्वविद्यालयहरूको नेतृत्वमा पुऱ्याउन सकेमा मात्रै विश्वका समृद्ध मुलुकमा जस्तै विश्वविद्यालयलाई आकर्षणको केन्द्र बनाउन सकिन्छ। आज विदेशका विश्वविद्यालयमा अध्ययन गर्न जानका लागि तम्तयार युवाशक्तिलाई रोक्ने मात्र हैन, विदेशी विद्यार्थीलाई नेपालमा आकर्षण पनि गर्न सकिन्छ। कतिपय विभागहरूले विदेशी विद्यार्थीसमेत भित्र्याएका दृष्टान्तहरू पनि हामीसँग छन्।

यही आवश्यकता महसूस गरेर र जनअपेक्षाको कुरा हृदयङ्गम गरेर हुनुपर्छ केही महीना पहिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पहिलोपटक नेपालका विश्वविद्यालयहरूमा मेरिटोक्रेसीका आधारमा नेतृत्व चयन गरेर नेपालको शिक्षा पद्धतिमा भरोसा जगाउने उद्घोष गर्नुभयो। लामो समय लगाएर सार्वजनिक प्रतिस्पर्धाका आधारमा मेरिटको मापदण्ड र मान्यता अनुसार नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा उपकुलपति नियुक्ति गर्ने काम भयो।

आमरूपमा राजनीतिक नेतृत्वहरूको भागबन्डा र विशेषगरी कुलपतिको विश्वास वा रोजाइमा नियुक्ति हुँदै आएको उपकुलपतिको पद यसपटक क्रमभङ्गसहित नियुक्ति भयो। पोखरा विश्वविद्यालयमा उपकुलपति रहेका बखत कामबाटै आफूलाई अब्बल प्रमाणित गरेका प्राडा केशरजङ्ग बराल त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा नियुक्त भएपछि समग्र नेपाली शैक्षिकजगत्मा सकारात्मक सन्देश प्रवाह भयो। आफ्नो पार्टीप्रति बढी प्रतिबद्धभन्दा शैक्षिक र अनुसन्धानमा अब्बल प्राज्ञिकहरू नेतृत्व बनेर शैक्षिक प्रतिष्ठान र विश्वविद्यालयमा आउँछन् भन्ने विश्वास भयो।

अहिले नेपालका अधिकांश विश्वविद्यालय र क्याम्पसहरूले पूर्ण क्षमतामा विद्यार्थी पाउन सकेका छैनन्। यद्यपि सेमेस्टर प्रणाली अन्तर्गतका कतिपय विषयमा भने विद्यार्थीहरूको आकर्षण अझै पनि घटेको छैन। विद्यार्थीको पलायन भयावह छ। त्रिवि अन्तर्गत आकर्षक मानिएका चिकित्सा शिक्षा र इन्जिनीयरिङ कार्यक्रमहरूमा समेत विद्यार्थीको आकर्षण घट्दो छ।

खासगरी मानविकी, शिक्षा, विज्ञान सङ्काय अन्तर्गतका जनरल विषयहरूमा विद्यार्थीहरू भर्ना नै नहुने तथा भर्ना भएपनि बीचमैं छाड्ने समस्या आमरूपमा परिचित छ। विश्वविद्यालय क्याम्पसका धेरै केन्द्रीय विभागहरूमा दुई अङ्कभन्दा कम सङ्ख्यामा र अधिकांश केन्द्रीय विभागहरूमा न्यून सङ्ख्यामा विद्यार्थीहरू रहेको अवस्था छ। तर मानविकी सङ्काय अन्तर्गतकै केही विभागमा विद्यार्थीहरूले भर्ना हुन नपाउने र मेरिटमा सफल नभई प्रवेश नै नपाउने अवस्था पनि छ। तीमध्ये एक हो- अन्तराष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग।

त्रिभुवन विश्वविद्यालयले सन् २०१३ मा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा स्नात्तकोत्तर कार्यक्रम भाडामा लिएका तीनवटा कोठाबाट शुरू गरेको थियो। आदर्श नमूनाका रूपमा सञ्चालन भएको यो कार्यक्रममा गुणस्तरीयताका लागि सम्झौताहीन तरीकाले र पूर्ण पेशागत समर्पणका साथ शैक्षिक नेतृत्वले काम गरेकै कारणले सो कार्यक्रमको प्रारम्भदेखि अहिले २०२४ सालसम्म विद्यार्थीहरूको आकर्षण कहिल्यै घटेको छैन। अहिले त्रिभुवन विश्वविद्यालयको हाताभित्र आफ्नै भवनमा स्नात्तकोत्तर, दर्शनाचार्य र विद्यावारिधि समेतमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा पठनपाठन हुन्छ।

नेपालबाट मात्र हैन विदेशबाट समेत विद्यार्थीहरू अध्ययन गर्न आउने गरेका छन् र मेरिटमा अब्बल हुनेहरूले मात्र भर्ना पाउँछन्। शैक्षिक नेतृत्वको भूमिका र प्रभाव कति दिगो र दीर्घकालीन हुन्छ भन्ने यो सफल उदाहरण समग्र त्रिविका शैक्षिक सरोकारवालाहरूबीच चर्चाको विषयका रूपमा रहेको छ। सो कार्यक्रमको शैक्षिक र प्राज्ञिक नेतृत्व जापानको नागासाकी विश्वविद्यालयबाट विद्यावारिधि गरेर नेपालमा फर्किएका प्राडा खड्ग केसीबाट भएको थियो, जो हालै त्रिविका उपकुलपतिबाट विश्वविद्यालयको रेक्टर पदका लागि सिफारिश भएका छन्।

रजिस्ट्रारका रूपमा सिफारिश भएका प्राडा केदारप्रसाद रिजालको गूगल स्कलर पछ्याउँदा उहाँ पनि काबिल अनुसन्धानकर्ता भएको भेटिन्छ। त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले सफल र काबिल शैक्षिक व्यक्तित्वहरूसमेतको टीम निर्माण गरेर देशमा व्याप्त शैक्षिक निराशालाई चिर्ने र राजनीतिक हस्तक्षेपमुक्त प्राज्ञिक वातावरण निर्माणको प्रयत्न गरेको देखिन्छ। यो सराहनीय छ। राजनीतिक नेतृत्वको सुझबुझपूर्ण अहस्तक्षेप आम नागरिक र सरोकारवालाहरूको अपेक्षा हो।

त्रिविमा रेक्टर र रजिस्ट्रारको नियुक्तिमा पनि विगतको निरन्तरतामा क्रमभङ्गताको टड्कारो आवश्यकता छ। यसका लागि प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल प्रचण्ड र आमसञ्चार माध्यममा निकै लोकप्रिय मानिएकी र धेरैले आशासमेत गरेकी शिक्षामन्त्री एवं सहकुलपति सुमना श्रेष्ठले दबाबहरूलाई विश्वासमा लिनुपर्छ। अन्यथा निरन्तरतामा निरन्तरित हुने हो भने विश्वविद्यालय सुधारको प्रतिबद्धता र रूपान्तरण अलपत्र पर्ने देखिन्छ।

मेरिटोक्रेसीमा आधारित भई त्रिवि र समग्र विश्वविद्यालयहरूको सुधार गर्ने र विश्वविद्यालयको नेतृत्वलाई कुनै हस्तक्षेप नगर्ने प्रधानमन्त्री प्रचण्डको घोषित प्रतिबद्धता पछ्याएर उपकुलपति प्राडा बरालले सिफारिश गरेका व्यक्तित्वहरूलाई विश्वविद्यालयको रेक्टर र रजिस्ट्रार पदमा नियुक्ति गर्नु तत्कालको सबैभन्दा उत्तम विकल्प हो।

जादुको छडीका रूपमा काम भइहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तव्यतर्फको प्रारम्भ हुन सक्छ। यसमा सबै सत्तासाझेदार राजनीतिक दलहरूको ऐक्यबद्धता आवश्यक छ। प्राध्यापक, कर्मचारीहरूका पेशागत सङ्घ सङ्गठनहरूको सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरूको पनि हातेमालो आवश्यक छ।

राजनीति सबै नीतिको जननी हो। सपारेको यश र अपजश मूलतः राजनीतिले नै लिन पाउनुपर्छ र लिनुपर्छ। पछिल्लो समयमा हामी नेपालीलाई र समग्र नेपालको संस्थागत विकासलाई राजनीतिले साह्रै नराम्रोसँग बिगारेको छ भन्ने आम भनाइ छ। यो भनाइ अतिशयोक्तिपूर्ण हो जस्तो लाग्दैन। हामीले हासिल गरेका अनुभवले पनि यस भनाइलाई सहयोग नै गरेको अनुभूति छ। नेपालमा मेरिटोक्रेसीलाई स्थान दिनैपर्ने वस्तुगत आवश्यकता छ।

मेरिटोक्रेसीलाई अपनाउने र प्रश्रय दिने प्रतिबद्धता गरेर आफ्नाहरूलाई उच्च राजनीतिक नेतृत्वले सधैं संरक्षण मात्रै गर्दैन भनी आफूलाई प्रमाणित गर्न सकेमा मात्र विरासतमा रहेका राजनीतिक नेतृत्वप्रति जनताको भरोसा क्षयीकरण हुनबाट रोकिन्छ र केही गुमेको भरोसा पुनर्जागरण हुन सक्छ। (लेखक त्रिविविका उपप्राध्यापक हुन्। रासस)



**विरोध प्रदर्शनः** राष्ट्रिय प्रजातन्त्र पार्टीले मङ्गलवार काठमाडौंको भद्रकालीमा गरेको विरोध प्रदर्शन। तस्बिरः हरिराम भेटुवाल/रासस

# सन्तानमा भएको अटिजमले जीवनको लक्ष्य बदलेका आमाहरू

हेटौंडा, २७ चैत/रासस



विवाहपछि सबै महिलाले एउटी पत्नी र बुहारीका रूपमा देख्ने सपना लगभग उस्तै हुन्छ। आफूलाई बुझ्ने पति, माया गर्ने परिवार, राम्रो कमाइ र असल सन्तान।

यसैगरी, सपना देखेर २४ वर्षको उमेरमा हेटौंडा उपमहानगरपालिका–४ का शेखर थपलियासँग अस्मिता कालिकाले विवाह गरी नयाँ जीवनको सुरुआत गरेकी थिइन्। उनको जीवन साँच्चै सोचेजस्तै थियो पनि।

अस्मिताका पति क्याम्पस पढाउँथे। बाँकी समय पतिपत्नी मिलेर जापानिज भाषा सिकाउने इन्स्टिच्युट चलाउँथे। विवाहको चार वर्षपछि उनीहरूको छोरा जन्मियो। परिवारमा खुशीको सीमा रहेन तर त्यो खुशी दुई वर्ष पनि राम्रोसँग टिक्न सकेन।

"छोरा हुर्कँदै थियो तर छोरामा उमेर अनुसार देखिने विकास नभएको महसूस हुन थाल्यो," उनले भनिन्, "कोही बच्चा ढिला नै बोल्छन् भनेर चित्त बुझाउने गर्थें।"

अस्मितालाई करीब डेढ वर्षसम्म छोरा सामान्यजस्तै लागेको थियो। बोलाउँदा कान नसुनेको जस्तो, एकोहोरो र अन्य बालबालिकासँग घुलमिल हुन छाडेको देखेपछि उनले काठमाडौंको कान्ति बाल अस्पतालमा जचाउन ल्याइन्। चेकजाँचपछि उनले जीवनमा ठूलो धक्का महसूस गरिन्।

अस्पतालका चिकित्सकले आफ्नो छोरालाई अटिजम भएको बताएपछि आफू अत्यन्तै विक्षिप्त भएको उनी बताउँछिन्। बच्चामा अटिजम रहेको पुष्टि भइसक्दा आफ्नो मनले मान्न तयार नभएको उनको भनाइ छ। मनले नमानेकै कारण उनले धेरै अस्पतालमा छोराको चेकजाँच गराइन्।

"जहाँ लगे पनि अटिजम नै हो भन्ने भइसकेपछि म हार खाएर अटिजमबारे खोज शुरू गर्न थालें, युटचुब हेरें, किताब पढें र त्यसपछि बिस्तारै अटिजमबारे थाहा पाउन थालें," उनले भनिन्, "मेरो लागि सहज थिएन यो स्वीकार गर्न तर मैले स्वीकार नगर्दा मेरो बच्चालाई थप समस्या हुने थाहा पाएँ र आफूलाई बलियो बनाउन थालें।"

त्यसपछि अस्मिता छोराको उपचारका लागि काठमाडौं नै बस्न थालिन्। यस बीचमा उनले नातेदार, छरछिमेक र आफन्तलाई भेटघाट गर्न छोडेकी थिइन्। जसलाई भेटे पनि बच्चाका बारेमा सोध्ने भएकाले कोहीसँग भेट गर्न मन थिएन।

अस्मिताको बच्चाको उपचार शुरू हुँदा कोरोना महामारीले लकडाउन शुरू भयो। त्यसपछि उनी हेटौंडा फर्किइन्। लकडाउनमा छोरालाई उपचार गर्न र सामान्य तरीकाले राख्न गाऱ्हो भइरहेको अवस्थामा उनले आफ्नो जस्तै अटिजमको सङ्केत देखिएका दुई बच्चाका आमाहरूसँग भेट गरिन्। उक्त भेटपछि उनीहरू तीनजना मिलेर आफ्नै घरको कोठाबाट अटिजम भएका बच्चाहरूका लागि कक्षा शुरू गर्न थाले। यसका लागि उनीहरूले स्वअध्ययनसमेत गरे। आफूजस्तै समस्यामा परेका अन्य आमाहरू खोज्न थाले।

अन्ततः 'सेन्टर फर अटिजम' नामक संस्था दर्ता गरेर अटिजम भएका बालबालिकालाई पढाउने, सिकाउने र स्याहार गर्ने कार्यको औपचारिक सुरुआत गरे। उनीहरूको कामलाई हेटौंडा उपमहानगरपालिका र बाग्मती प्रदेश सरकारले प्रशंसा गरी सहयोग गर्न थालेपछि थप ऊर्जा मिलेको उनले बताइन्। नेपालमा यस्ता बच्चाहरूको थेरापीका लागि जनशक्ति नभएको र बाहिरबाट जनशक्ति ल्याएर बच्चाको उपचार गर्न सक्ने हैसियत आम अभिभावकमा नभएकाले उनी स्वयम् दक्ष बन्न हाल काठमाडौं विश्वविद्यालयमा अटिजमसम्बन्धी विशेष कोर्ष गरिरहेकी छन्।

उनको कोर्ष अबको केही महीनामा सकिन्छ। त्यसपछि हेटौंडा फर्केर थप जनशक्ति उत्पादनमा लागिपर्ने उनको लक्ष्य छ। शैक्षिक परामर्शका लागि कार्यालय सञ्चालन गरेर मनग्ये आम्दानी गरिरहेकी अस्मिताको जीवन सन्तानका कारण परिवर्तन भएको छ। उनका अनुसार अटिजम रोग नभएर विशेष अवस्था हो र यस्ता व्यक्तिमा अथाह विशेषता हुन्छन्। बच्चाहरूमा भएको विलक्षण प्रतिभा खोजी गर्ने र सही उपयोगमा लगाउने उनको लक्ष्य छ।

उनका अनुसार हाल विश्वप्रख्यात व्यक्ति र वैज्ञानिकमा समेत अटिजम रहेको अध्ययनले पुष्टि गरेको छ। समाजमा रहेका अन्य अटिजम नभएका बालबालिकाका अभिभावकले उक्त समस्या स्वीकार नगर्दा दुःख लाग्ने गरेको अस्मिताको भनाइ छ।

अटिजम भएका बालबालिकाका अभिभावकले अटिजमलाई स्वीकार गरी उपचार थालेमा सुधार ल्याउन सकिने उनको धारणा छ। उनीहरूमा लुकेका बहुप्रतिभा समाजका निम्ति प्रयोग गर्न सकिन्छ। हाल उनको संस्थाबाट चारजना बालबालिका सुधार भएर सामान्य विद्यालयमा भर्ना भइसकेका छन्।

यस्तै, हेटौंडा–४ कमलडाँडा निवासी उमाकुमारी पौडेलको छोराले बोलाउँदा फर्केर नहेर्ने र फरक व्यवहार देखाएपछि काठमाडौंको कान्ति बाल अस्पतालमा देखाउँदा चिकित्सकले अटिजम भएको बताए। उनी पनि त्यसपछि हेटौंडा नै फर्किइन्। बच्चाले बेलाबेला बिर्सने, बोल्न छोड्ने समस्या भएपछि छोराको उपचारका लागि उनी भारतको दिल्लीसम्म पुगिन्। बच्चालाई अटिजम भएको स्वीकार्न नसकेकी पौडेलले अटिजमसम्बन्धी तालीम लिएपछि मात्रै बच्चालाई अटिजम भएको स्वीकारिन्।

अस्मिता र उमा जस्तै हेटौंडाकी निश्ला श्रेष्ठका छोरा १६ महीनाको हुँदा फर्केर नहेर्ने भएपछि चिन्तामा परिन्। टोलमा छिमेकीले दुई वर्षपछि बच्चा बोल्छ भनेपछि कुरेकी श्रेष्ठले काठमाडौंमा चिकित्सकलाई देखाएपछि मात्रै अटिजमबारे थाहा पाइन्। बच्चालाई अटिजम भएको थाहा भएपछि चिन्तामा परेकी अभिभावक श्रेष्ठले 'अटिजम केयर नेपाल'मार्फत तालीम लिइन् र अटिजमबारे पूर्ण जानकारी प्राप्त गरिन्।

समाजमा घुलमिल हुन अप्ठेरो जस्तो भएपछि उनले काठमाडौंमैं बसेर बच्चाको शिक्षा र उपचार थेरापी गराउन थालिन्। लकडाउनको समयमा बच्चालाई पूरा समय दिएर बस्न थालेपछि बल्ल अटिजमबारे बुझ्न सफल भएको श्रेष्ठको भनाइ छ।

अटिजम भएका बच्चाले आँखा नजुधाउने, एकान्त मन पराउने, आफ्नै सुरमा एक्लै खेल्ने, घुलमिल हुन नचाहने, अरूको कुरा बुझ्न नसक्ने, बोलेर अभिव्यक्त गर्न नसक्ने हुन्छन्। उनीहरू बोले पनि नबुझिने र सामान्य काम गर्नसमेत अरूको मदत चाहिने हुन्छ। अटिजम भएका बालबालिकालाई विशेष हेरचाहसँगै शारीरिक थेरापी, स्पिच थेरापी, अकुपेशनल थेरापी, बाल मनोपरामर्शसँगै र बालरोग विशेषज्ञको नियमित सेवा आवश्यक पर्छ।

(बाँकी पाँचौं पातामा)

# खोजखाज

मन्तव्य



कुमारबन्धु रूपाखेती

**नेपालमुखीहरूलाई सरकारमा भित्र्याए त राणा र राजा जस्तै बेहाल भइन्छ भन्ने चेतना हाम्रा कमरेड प्रधानमन्त्रीलाई छ। यता प्रचण्डको यो हालत छ, उता ओलीको बुलेटवाला बोली रबरको गोलीमा परिणत भएको छ भने भाग पाइने आशामा माधव नेपाल दहीच्युरे बाहुन साबित हुँदै गएका छन्।**

**राजनीतिक गलफती**

'लोग्ने–स्वास्नीको झगडा, परालको आगो' भन्थे तर होइन रहेछ। जसको झगडामा मुख्तियारसम्मको कान ठाडो हुन्छ, त्यो झगडा चानचुने र परालको आगो हुनै सक्दैन। कुरा नागरिक उन्मुक्ति पार्टीका सर्वेसर्वा पति–पत्नी रेशम चौधरी र रन्जिता श्रेष्ठको हो। टीकापुर सामूहिक हत्याकाण्डका नाइके भनिने रेशम चौधरी राष्ट्रपतिबाट आममाफी पाएर कैदी जीवनबाट मुक्त भएपछि यो घरझगडाले विकराल रूप लिएको देखिन्छ। प्रचण्ड पहिलोपटक प्रधानमन्त्री बनेर भारत भ्रमणमा जाँदा दिल्लीमा रेशमले लुकिछिपी र प्रचण्डले शानले भेट–मुलाकात गरेका थिए। त्यसपछि विभिन्न तानाबाना मिलाएर रामचन्द्र पौडेलले रेशमलाई गणतन्त्रको उपहारस्वरूप आममाफीको नाममा आजाद गरिदिए। बुढा जेल गएपछि बूढी रन्जिता श्रेष्ठ नागरिक उन्मुक्ति पार्टीकी मुखिया भइन् र एकलौटी ढलिमली पार्टी चलाउन थालिन्, मन्त्रीपदसमेत पड्काइन्। कैदमुक्त भएपछि रेशमले पार्टीमा पुरानै रवाफ देखाउन खोज्दा रन्जिता र यिनको आमनासामना हुन थाल्यो। निर्वाचन आयोगले लोग्नेलाई पार्टी अध्यक्ष बन्न अयोग्य करार गरेपछि स्वास्नीले पार्टीको लगाम आफ्नो कब्जामा आएको ठानिन् र आफूखुसी निर्णय गर्न थालेपछि यी दुईबीच उत्पन्न झगडाले विकराल रूप लियो। अस्ति झगडामा बीचबचाउ गर्दै प्रचण्डले लोग्नेस्वास्नी दुवैलाई दायाँबायाँ राखेर फोटोसमेत खिचाए। तर जति प्रयास गरे पनि यो झगडा वीरबलको खिचडीझैं काँचो देखिन्छ।

भारततिर रेशम चौधरीजस्तालाई 'बाहुबली' भनिन्छ। टीकापुर हत्याकाण्ड हिजो, आज र भोलिसमेत यिनको 'माथे का कलङ्क' बनेर पिछा गरिरहन्छ। उता पत्नीलाई राजनीतिको चस्का लागिसकेको देखिन्छ र रेशम चौधरीसँग आरपारको लडाइँमा उत्रेको प्रस्ट देखिएको छ। त्यसैले त पार्टी कार्यालयमा रेशमले ढोका थुनेर, बाहिरियाहरूलाई पसाएर, रन्जिता पक्षधर नेताहरूको रामधुलाई गरेकोमा कडा कारबाई गर्ने, चुप नलाग्ने घोषणा गरेकी छन्।

नागरिक उन्मुक्ति पार्टीलाई 'फुच्चे पार्टी' पनि भनिन्छ। तर यस फुच्चे पार्टीको घरझगडाले चुच्चेहरूका गठबन्धनको सरकारलाईसमेत असर पारिरहेको कुरा भने नकार्न सकिन्न। नेपालको राजनीतिमा बेमौसमी बाजा बजाउने चलन खुबै छ। अब हेर्नुस् न, अर्को निभ्न लागेको बत्तीको अवस्थामा पुगेको लोसपाका ठालु भनाउँदा महन्थ र राजेन्द्रको गन्थन–मन्थन अर्कै छ। उता नेपाली राजनीतिमा 'सलाइ–रिन्च'को नामले ख्याति कमाएका उपेन्द्र यादव सलाइ रिन्चझैं जता पनि फिट भइहाल्छन्। अहिले यो सलाइ रिन्च प्रचण्डले चलाइरहेका छन्, भोलि कसले चलाउँछ त्यो अज्ञात छ तर यो सलाइ रिन्च मधेसमा नाकारा साबित हुँदैछ। उता ओलिको किस्सा–कहानी अर्कै छ। कोशी प्रदेशमा शशाङ्क कोइरालाले करामात देखाएपछि, ओली अचेल दैनिकजसो कोइरालासँग भेटघाट र फोन सम्पर्कमा छन् रे! कोइराला पक्षधर सांसदको गणना गरेर कदाचित प्रचण्डलाई ढाल्ने रणनीति आन्तरिकरूपमा तयार हुँदैछ रे! भोलिको कल्पना अनुसार अब प्रचण्डले होइन, ओली र कोइराला मिलेर उथलपुथल गर्ने रे!

**प्रजनन सेवा**

विवाहपछि प्रत्येक महिलाको प्रबल चाहना बच्चा जन्माउने, आमा बनी जीवन सफल पार्नेतर्फ केन्द्रित रहन्छ। थाहै छ, बच्चा जन्माउन नसक्ने बिचरी महिलालाई 'बाँझ' भनेर हेप्छन्। पुरुषकै कमजोरीले 'आमा' बन्न नसक्दाको अपजस पनि महिलाकै थाप्लोमा पर्छ। महिलाले बच्चा जन्माएपछि उसले दोस्रो जन्म पाईसमेत भन्छन्। प्रसव पीडाको बखान गर्न सकिँदैन। पहिलेपहिले त सुडिनी, धाइआमाहरूले घरमै सफल प्रजनन गराउँथे। मेरी एकजना फुपुका नौजना छोराछोरी छन् र म आफैं चार दाजुभाइ छौं। उति बेला प्राकृतिकरूपमा विनाअपरेशन बच्चा जन्मन्थ्यो। अचेल प्रजनन दर कम छ। सबैलाई थाहा छ–'हम दो, हमारे दो'। प्रजनन दर न्यून भए पनि अचेल गर्भवती महिलाले स्वाभाविक, प्राकृतिक प्रजनन गर्दैनन्। अधिकांश निजी अस्पतालले विभिन्न बहाना, त्रास देखाएर सिजेरियन डेलिभरी अर्थात् अपरेशन गरेर बच्चा झिक्नुपर्छ भन्छन्। एउटा त प्रसव पीडा, अर्को अपरेशनको सास्ती, तेस्रो महँगो अपरेशन शुल्कले सुत्केरी र तिनका परिवारको भट्टा बस्छ। चिकित्सकहरूको प्रकृति अपरेशन प्रेमले समाज नै हायलकायल छ।

हिजो साधारण तरीकाले प्राकृतिकरूपमा बच्चा जन्मिने र अहिले सुत्केरी बेथाले च्यापेर अस्पताल लग्दा किन तुरुन्तै अपरेशन गर्न बाध्य पारिन्छ? के पैसा तसिल्नकै लागि? उहिलेउहिले शत प्रतिशत आमाले साधारण तरीकाले बच्चा जन्माउन सक्ने अहिले भने अपरेशन नै गर्नुपर्ने किन? हाय रे पैसा!

यस्तै रवैया रहयो र जान्नेबुझ्नेले सोधखोज नगर्ने हो भने भविष्यमा विनाकष्ट, विनाअपरेशन, विनापैसा एउटा महिलाले आमा बन्ने अधिकार नै गुमाउनुपर्ने देखिन्छ। कसैकसैलाई सुत्केरी बेथाले च्याप्दा अपरेशन जरूरी हुन्छ तर केहीले यसलाई धन्दा नै बनाएको देखिन्छ। प्रत्येक वर्ष अपरेशनबाट बच्चा झिक्ने ग्राफ बढ्दो छ। नपत्याए विभिन्न प्रसूति गृहहरूको रेकर्ड हेरे पुग्छ। आधारभूत स्वास्थ्य सेवा अन्तर्गत गर्भवती, प्रसव र प्रसूति सेवा, ज्येष्ठ नागरिक, अपाङ्ग आदिसमेत पर्दछ। तर यस्ता आधारभूत सेवा सरकारी कागजमा मात्र सीमित छ। बाल्ह छोरा, तेल्ह नाती, बूढाको धोक्रो काँधै माथि भनेजस्तो उखानटुक्का र हाम्रो सोच उस्तैउस्तै छ। अचेल त सफल सुत्केरी सेवा भनेको आमाको भुँडी चिरेर, घाइते पारेर बच्चा जन्माउनु हो। सरकारी नियमलाई थाङनामा सुताउने परिपाटी छ, हाम्रोमा। अचेलका आमाहरूसमेत नवजात शिशुलाई स्तनपान गराउन कन्जुस्याइँ गरेको पाइन्छ र आमा बन्न नसक्दा अरूको बच्चा चोरेर पाल्न खोज्ने आमाहरू पनि यही समाजमा छन्। सेवामुखी भनिने आधुनिक अस्पताल र प्रसूतिगृहहरूको तामझाम नै बेग्लै छ। निजी अस्पतालहरूले त सरकारी नियमकानून ताकमा राखेर मनलादी नै गर्छन्। भुक्तानी नहुन्जेल लाशसमेत कब्जा गरेर हिरासतमा राख्छन्। तर पनि हामी डाङडरलाई भगवान् मान्छौं।

अरू जे भए पनि एउटा महिलाले प्राकृतिक तवरमा आमा बन्ने, बच्चा जन्माउने काममा अवरोध सिर्जना नगरौं। प्राकृतिक र स्वाभाविक प्रजननलाई प्राथमिकतामा राखौं। यस मामिलामा महिला नै जाग्नु जरूरी छ। जय जननि आमा!

**चासो**

त्यसो त बेफवाँकको, बेसरोकारको मामिलामा समेत भारतीयहरूले नेपालमा चासो राखेको, चियोचर्चो गरेको भेटिन्छ। झन् अस्ति त यिनका जानीदुश्मन नागरिकको भुण्ड सीमा नजीक वीरगंजमा शङ्कास्पद गतिविधिसहित पक्राउ पर्दा भारतीय महावाणिज्य दूतावासको वीरगंजस्थित कार्यालयको कान ठाडो हुनु स्वाभाविकै हो। भारतमा चुनावको गहमागहमी भएका बखत जानीदुश्मनका नागरिक वीरगंजमा पक्राउ पर्नु भारतीय मिडियाहरूका लागि 'हट केक' साबित हुन्छ। कल सेन्टरको आडमा गैरकानूनी काममा संलग्न भएको शङ्कामा स्थानीय प्रशासनले अस्ति वीरगंजका विभिन्न क्षेत्रबाट केही चिनियाँ नागरिकलाई पक्राउ गरी अनुसन्धान गर्दैछ। तर भाग खानेभन्दा पुरो खानेलाई हतार भएझैं यताका लाईभन्दा उताका लाई यसमा बढी चासो भएको देखिन्छ। अहिले दुनियाँभरका क्राइम, कल बाइपासको अवैध काम हुँदैछ र यस्तो कामममा चिनियाँहरूको संलग्नता अधिक छ। नेपाललाई कार्यथलो बनाएर काम गर्न पायक पर्ने भएकोले यस्ता कुकर्मका लागि चिनियाँहरूको रोजाइमा नेपालजस्तो मुलुक पर्नु स्वाभाविकै हो। केही समय अघि आधा दर्जनभन्दा बढी नेपालीलाई फिलिपिन्समा बन्धन बनाएर, डर–धम्की देखाएर यस्ता साइबर क्राइमको गैरकानूनी काममा जबरजस्ती लगाएका थिए, केही चिनियाँहरूले। पर्दाफाश भएपछि बल्लतल्ल नेपालीहरूले मुक्ति पाएका थिए। नेपालको कमजोर सूचना संयन्त्रका कारण भारत, चीनलगायत दुनियाँभरका अपराधी, उग्रवादी खेल्ने क्रीडास्थल बनेको छ नेपाल। दुनियाँकै महान् ठग चार्ल्स शोभराज नेपालमै पक्राउ परेको होइन र? चिनियाँहरू पनि नेपाली कानून अनुसार अपराध अनुसार हदैसम्मको कारबाई हुन्छ, भारतले चिन्ता लिनैपर्दैन। जय नेपाल!

# वायु प्रदूषण बढेसँगै सावधानी अपनाउन सुझाव

चितवन, २७ चैत/रासस

डढेलो, पूर्वाधार निर्माण, सवारीसाधन र कलकारखानाबाट धूलो र धूवाँ उड्दा यतिबेला यहाँको वातावरण अस्वस्थकर बनेको छ। वायु प्रदूषणका कारण आँखा पोल्नेलगायतका समस्या प्रत्यक्ष देखिन थालेका छन्।

सुक्खा मौसमसँगै वन क्षेत्रमा डढेलो लाग्ने/लगाउने क्रम तीव्र भएको छ। कतिपय क्षेत्रमा घाँसेमैदान व्यवस्थापनका लागि डढेलो लगाउने गरेको पाइन्छ।

भरतपुर अस्पतालका फिजिसियन डा प्रतीक न्यौपानेले डढेलोका कारण वायुमण्डलमा परेको असरले श्वासप्रश्वासमा समस्या हुने गरेको बताए। उनले भने, "दमका बिरामीलाई अस्पतालमा राखेर भर्ना गर्नुपर्ने, अक्सिजनको मात्रा कम हुनेलगायत समस्या देखिन थालेको छ।" वायुमण्डलमा हुने 'एयर क्वालिटी इन्डेक्स'को मात्रा बढ्दा मानव स्वास्थ्य नराम्रोसँग प्रभावित भइरहेको उनको भनाइ छ।

वायु प्रदूषणका कारण बालबालिकामा दमको समस्या देखा पर्न सक्ने डा न्यौपानेले बताए। उनले भने, "बालबालिकामा झिज्झिने, रुघाखोकी लाग्ने समस्या हुन सक्छ।" वायुमण्डलमा भएको प्रदूषणका कारण मुख तथा नाक सुक्खा हुने हुँदा नियमित पानीको सेवन गर्ने, झोलिलो पदार्थ सेवन गर्ने, मास्क लगाएर मात्रै घरबाहिर निस्कनेलगायत उपाय अपनाउन सकिने उनको सुझाव छ।

त्यस्तै, अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर ननिस्कने, थकान लाग्ने काम नगर्नेलगायत उपाय अपनाउँदा वायुमण्डलमा भएको प्रदूषणका कारण हुने समस्याबाट बच्न सकिने डा न्यौपानेको भनाइ छ। भरतपुरका अस्पतालमा वायुमण्डको प्रभावका बिरामीको सङ्ख्या बढ्न थालेको उनले जानकारी दिए।

भरतपुर आँखा अस्पतालका नेत्ररोग विशेषज्ञ प्राडा सुनु दुलालले वायुमण्डलमा भएको प्रदूषणका कारण टाउकोदेखि माथिका भागलाई असर गर्ने बताए। उनका अनुसार आँखा पोल्ने, बिझाउने, सुक्खा हुने, पाक्नेलगायत समस्या देखिने गर्छ।

आँखा पोल्ने तथा बिझाउने हुँदा आँखा मिच्न नहुने डा दुलालले बताए। आँखा मिच्दा आँखामा घाउ हुन सक्ने र अन्धोपनसमेत देखिने हुँदा त्यस्तो गर्न नहुने उनको भनाइ छ। वायुमण्डलमा डढेलोका कारण अहिले देखिएको असरको दीर्घकालीन समस्या नहुने भएपनि यसबाट जोगिन जरुरी रहेको उनले बताए।

डा दुलालले भने, "यसले दीर्घकालीन समस्या नपरे पनि यसबाट बच्नुपर्छ।" यसबाट बच्नका लागि चश्मा लगाउने, आँखा बेलाबेलामा सफा पानीले धोइरहने, चीसो कपडाले आँखाको बाहिरी भाग पुछ्ने जस्ता काम गर्नुपर्ने उनको सुझाव छ।

जिल्लामा रहेका सामुदायिक वन क्षेत्र, डिभिजन वन कार्यालयका वन क्षेत्र र निकुञ्ज क्षेत्रमा अहिले डढेलो लगाउने क्रम जारी छ। यसले गर्दा वायुमण्डल मात्रै प्रदूषण नभई आसपास बसोबास गर्ने बासिन्दाको धनको समेत क्षति हुन सक्ने भन्दै चितवन राष्ट्रिय निकुञ्जले सावधानी अपनाउन आग्रह गरेको छ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार डढेलो नियन्त्रणका लागि काम भइरहेको छ। समुदायमा सचेतना जगाउने र नियन्त्रणका लागि अग्निरेखा कोर्ने, अग्नि नियन्त्रक सामान तयारी अवस्थामा राख्ने काम गरिएको उनले बताए।

## सञ्चारगृह लैङ्गिकमैत्री नहुँदा महिला पत्रकार सङ्कटमा

काठमाडौं, २७ चैत/रासस

महिला पत्रकारले सञ्चारगृहमा काम गर्ने लैङ्गिकमैत्री नीति अवलम्बन नहुँदा पेशाबाटै पलायन हुनुपर्ने स्थिति आएको बताइएको छ।

मङ्गलवार काठमाडौंमा सञ्चारिका समूह र दलित महिला सङ्घ (फेडो)ले संयुक्तरूपमा आयोजना गरेको 'मूलधारका सञ्चारमाध्यममा महिला सहभागिता र चुनौती' विषयक कार्यक्रममा महिला पत्रकारले पेशागत चुनौती र समस्या उजागर गरेका हुन्।

राज्यले निर्धारण गरेको समावेशीमूलक सिद्धान्त अनुकूल मूलधारका सञ्चारमाध्यम उदार हुन नसकेको उनीहरूको अनुभवले बताउँछ। समग्र पत्रकारिता नै सङ्कटमा परेको बेला महिला पत्रकार सबैभन्दा बढी जोखिममा रहेको सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवाले बताइन्।

सञ्चारमाध्यममा महिला समावेशीको अवस्थामाथि कार्यपत्र प्रस्तुत गरेकी सञ्चारिका समूहकी उपाध्यक्ष पवित्रा सुनारले आमसञ्चारमा

(बाँकी पाँचौं पातामा)

# फरक समाचार

## आकस्मिक बिदा लिएर युवती आइपिएलमा

इन्डियन प्रिमियर लिग (आइपिएल) मार्च २२ देखि शुरू भयो र विश्वभरका क्रिकेट प्रशंसकहरू साँझ टिभीमा टाँसिन्छन्। धेरैले खेलको रमाइलो र मनपर्ने खेलाडीलाई हेर्न आशाले रङ्गशालाको टिकट पनि बुकिङ गर्छन्। हालै रोयल च्यालेन्जर्स बैंगलुरुका एक ठूला प्रशंसक खेल हेर्न रङ्गशाला गएका थिए। अफिसबाट निस्कने क्रममा एक युवतीले आफ्नो बोसलाई पारिवारिक समस्याको बारेमा भनिन्, तर म्याचको क्रममा बोसले उनलाई टिभीमा लाइभ टेलिकास्टमा देखे।



यी युवतीले एक इन्स्टाग्राम भिडियोमा आफू रोयल च्यालेन्जर्स बैंगलुरु र लखनउ सुपर जाइन्टसबीचको खेल हेर्न रङ्गशाला गएकी बताएकी छन्। उक्त खेल टिभीमा लाइभ देखाइँदै थियो र त्यही क्रममा उनका बोसले उनलाई टिभीमा देखे। बोसले उनलाई बेंगलुरुको टोली साँच्चै मनपर्छ कि भनेर सोधे। युवतीले पनि हो भनिन्। अफिसबाट छिट्टै निस्किएकोमा बोसले युवतीको खिल्ली पनि उडाए। बोसले म्यासेजमा लेखेका छन्, "मैले तिमीलाई एक सेकेन्डको लागि टिभीमा देखें र चिनें। त्यसपछि थाहा पाएँ कि हिजो चाँडै अफिस छोड्नुको कारण यो थियो।"

## पेरिसमा देखियो सेल्फ क्लिनिङ ट्वाइलेट

यदि तपाईं सार्वजनिक शौचालयको सिट र टचाप ह्यान्डलमा रहेका कीटाणुको बारेमा सोचेर चिन्तित हुनुहुन्छ भने, तपाईंले त्यहाँ न्यूनतम समय बिताउने प्रयास गर्नुहुन्छ। र तपाईं जहिले शौचालय जानुहुन्छ, सायद तपाईंले सिट नछोइकन शौचालय फ्लस गर्नुहुन्छ, वा कुहिनोले ढोका खोल्ने र बन्द गर्ने प्रयास गर्नुहुन्छ। तर विश्वमा यस्ता धेरै देश छन्, जहाँ सेल्फ क्लिनिङ शौचालय सामान्य बन्दै गएका छन्। हालै सामाजिक सञ्जालमा आफैं शौचालय सफा हुने यस्तै एउटा भिडियो भाइरल भएको छ। जसले सार्वजनिक शौचालयप्रतिको हाम्रो डरलाई केही हदसम्म कम गर्छ।



यो भिडियो पेरिसमा रेकर्ड गरिएको हो। भिडियोको शुरूमा एक स्वचालित शौचालयको ढोका बन्द भएको देखाइएको छ। त्यसपछि कमोड एउटा बक्समा जान्छ, र भुइँमा पानी दबाबका साथ तीनपटक आउँछ र शौचालय सफा हुन्छ। जब शौचालय पूर्णरूपमा सफा हुन्छ, पानी बन्द हुन्छ र बक्सबाट कमोड बाहिर आउँछ र ढोका पनि खुल्छ। यो भिडियो शेयर गरेपछि अहिलेसम्म २६ लाखभन्दा बढीपटक हेरिएको छ। तर यो भिडियोबाट सबैजना खुशी छैनन्। कतिपयले यसको प्रशंसा गरेका छन् भने कतिपयले कमेन्टमा अन्य समस्याका बारेमा बताए।

भिडियो हेरेपछि एक प्रयोगकर्ताले लेखे, "हेर्दा राम्रो लाग्यो।" अर्कोले लेखे, "सरल तर धेरै प्रभावकारी।" "मलाई हेर्दा राम्रो लाग्यो, जब पानीले सम्पूर्ण भुइँ सफा गर्छ," तेस्रोले लेख्यो। तर कतिपयलाई यो भिडियो मन परेन। एकजनाले सोध्यो, "ठीक छ, तर क्यामेराले यो रेकर्ड किन गरिरहेको छ?" अर्को प्रयोगकर्ताले भन्यो, "पानी शौचालयको कुनासम्म पनि पुग्दैन।" भिडियोमा धेरैले यस्तै हास्यास्पद प्रतिक्रिया दिएका छन्। कतिपयले अन्य धेरै प्रकारका शौचालयका भिडियो र तस्विर पनि पोस्ट गरेका छन्।

## उच्च रक्तचाप: साइलेन्ट किलरभन्दा कम छैन

उच्च रक्तचाप बारे सचेत हुनुपर्छ। यो 'साइलेन्ट किलर' हो, जसले तपाईंको स्वास्थ्यमा गोप्यरूपमा आक्रमण गर्छ र तपाईंले यो महसुस गर्नुअघि धेरै ढिलो भइसकेको हुन्छ। तर के तपाईंलाई थाहा छ भारतमा १८ देखि ५४ वर्ष उमेर समूहका ३० प्रतिशत मानिसले कहिल्यै आफ्नो रक्तचाप जाँच गराउँदैनन्। यो चकित पार्ने खुलासा इन्डियन काउन्सिल अफ मेडिकल रिसर्च (आइसिएमआर) को हालैको रिपोर्टमा भएको छ।

आइसिएमआरको नेशनल सेन्टर फर डिजिज इन्फर्मेटिक्स एन्ड रिसर्च (ICMR–NCDIR)द्वारा गरिएको नयाँ अध्ययनले भारतमा १८ देखि ५४ वर्ष उमेर



समूहका ३० प्रतिशत मानिसले कहिल्यै पनि रक्तचाप ननापेको देखाएको छ। यो अध्ययन हालै इन्टरनेशनल जर्नल अफ पब्लिक हेल्थमा प्रकाशित भएको छ।

अमेरिकन हार्ट एशोसिएशन (एएचए)का अनुसार उच्च रक्तचापको अर्थ रक्तशिराहरूमा रगतको प्रवाह छिटो हुनु हो। उच्च रक्तचापका कारण दीर्घकालमा हृदयघात, ब्रेन स्ट्रोक र मिर्गौला बिग्रने जस्ता गम्भीर रोगहरू निम्त्याउने चिकित्सकहरू बताउँछन्। भारतका विभिन्न जिल्लामा प्रि–हाइपरटेन्सन (प्रारम्भिक उच्च रक्तचाप) हुने दर ३४ प्रतिशतसम्म रहेको अध्ययनले देखाएको छ। प्रि–हाइपरटेन्सन एक अवस्था हो, जहाँ रक्तचाप सामान्यभन्दा अलि बढी हुन्छ, तर यो अझै पनि उच्च रक्तचापको श्रेणीमा आउँदैन।

यो अध्ययनले भारतमा मानिसहरूलाई आफ्नो स्वास्थ्य सचेतना बढाउन आवश्यक रहेको सङ्केत गर्छ। विशेषगरी ४० वर्षभन्दा माथिका मानिसहरूका लागि नियमितरूपमा रक्तचाप जाँच गराउनु धेरै जरुरी छ। साथै, स्वस्थ जीवनशैली अपनाएर उच्च रक्तचापको जोखिमलाई कम गर्न सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युद्धविराम प्रस्तावको अध्ययन गर्दै हमास

गाजा क्षेत्र (प्यालेस्टिनी अधीनस्थ क्षेत्र), २७ चैत/एएफपी

दक्षिणी गाजामा फर्केका प्यालेस्टिनीहरूले इजरायली सैनिकहरूको फिर्तीपछि बाँकी रहेको विनाशको सीमाको सामना गरेको भन्दै हमासले कायरोमा भएको पछिल्लो चरणको प्रस्तावित युद्धविरामको नयाँ रूपरेखाबारे विचार गरिरहेको मङ्गलवार बताएको छ।



सबैभन्दा रक्तपातपूर्ण गाजा युद्धको छ महीनापछि कतार, इजिप्ट र अमेरिकाका मध्यस्थकर्ताहरूले अर्को अस्थायी युद्धविरामको प्रस्ताव राखेको हमासको एक स्रोतले बताएको छ। तीन भागको प्रस्तावले इजरायलमा प्यालेस्टिनी कैदीहरूका लागि हमासले कब्जामा राखेका बन्धकहरूको आदानप्रदानको सुविधा प्रदान गर्न छ साताका लागि लडाइँ रोक्नेछ।

मध्यस्थकर्ताहरूको प्रयासको प्रशंसा गर्दै हमासले मङ्गलवार वार्ताका क्रममा इजरायलमाथि आफ्नो कुनै पनि मागको जवाफ नदिएको आरोप लगाएको छ। "यस्तो अवस्था भएपनि आन्दोलनको नेतृत्वले प्रस्तावको अध्ययन गरिरहेको छ," हमासले एक विज्ञप्तिमा भनेको छ।

महीनौंको भीषण लडाइँपछि इजरायलले सप्ताहन्तमा दक्षिणी शहर खान युनिसबाट आफ्नो सेना हटाएको घोषणा गरेको छ। रफाहमा घूसपैठसहित युद्धको अर्को चरणको तयारीमा सैनिकहरूलाई मदत होस् भनेर सेना हटाएको उसले बताएको छ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सोमवार अब गाजा क्षेत्रको सबैभन्दा दक्षिणी शहरमा स्थलसेना पठाउने मिति तय गरिएको बताएका थिए। उक्त शहरमा अधिकांश विस्थापित प्यालेस्टिनी बस्छन्।

विदेशी शक्ति र मानवतावादी समूहहरूले ठूलो मात्रामा नागरिक हताहत हुने डरका कारण उक्त शहरमा कुनै अभियान सञ्चालन नगर्न इजरायलसँग आग्रह गरेका छन्। यद्यपि नेतान्याहु र उनका सैन्य कमान्डरहरूले त्यसो नगरे हमासमाथि विजय हासिल गर्न नसकिने बताएका छन्।

"कारबाही हुनेछ, तारिख १ हो, यसमा समय निर्दिष्ट गरिएको छैन," नेतान्याहुले भने। जवाफमा इजरायलको मुख्य समर्थक अमेरिकाले रफाह अपरेशनप्रति आफ्नो आपत्ति दोहोऱ्याउँदै 'यसले अन्ततः इजरायलको सुरक्षालाई क्षति पुऱ्याउने' बताएको छ। इजरायलका रक्षामन्त्री योभ ग्यालेन्टले गाजामा हमला जारी राखिने बताए पनि यसलाई 'युद्धविरामका लागि सही समय' भनेका थिए।

इजरायलमाथि आफ्नो युद्ध रोक्न र भोकमरीको क्षेत्रमा थप मानवीय सहायताको अनुमति दिन व्यापक अन्तर्राष्ट्रिय दबाबको सामना गर्नुपरिरहेका बेला सेनाको फिर्ती भएको हो।

अक्टोबर ७ को हमलापछि युद्ध शुरू भयो र इजरायली नाकाबन्दीले गाजावासी खाना, पानी र अन्य आधारभूत आपूर्तिबाट वञ्चित भएका छन्। सहायता वितरणबाट चरम अभावलाई न्यूनरूपमा कम गरिएको छ। मानवतावादी समूहहरूले आपूर्तिको कमीबाट आसन्न मानवनिर्मित अनिकाललाई रोक्न नसकिने चेतावनी दिएका छन्।

गाजा क्षेत्रमा सहायता प्रवाहको व्यवस्थापन गर्ने इजरायली संस्था सिओजिएटीका अनुसार सोमवार ४१९ वटा ट्रकलाई गाजा क्षेत्रमा प्रवेश गर्न अनुमति दिइएको छ। यो युद्ध शुरू भएपछि एक दिनमा सबैभन्दा ठूलो प्रवेश अनुमति हो।

युद्ध रोक्ने पछिल्लो प्रस्तावमा छ साताको युद्धविराम हुने र नौ सय प्यालेस्टिनी कैदीहरूको बदलामा इजरायली महिला र बालबालिका बन्धकलाई रिहा गरिने उल्लेख भएको हमासको एक स्रोतले सोमवार बताएको छ। उक्त सम्झौताले गाजा क्षेत्रको उत्तरमा विस्थापित प्यालेस्टिनी नागरिकहरूको फिर्ती र प्रतिदिन चार सयदेखि पाँच सय ट्रकलाई खाद्य सहायताको अनुमति पनि दिने स्रोतले बताएको छ।

गतिरोधसँगै समाप्त भएको वार्ताको मध्यस्थताको पछिल्लो चरणमा हमासले व्यापक युद्धविराम, गाजा क्षेत्रबाट इजरायली सेनाको पूर्ण फिर्ती र सहायता वितरणमा नियन्त्रणको माग गरेको छ। महीनौंको वार्ता र मध्यस्थता कूटनीति जारी रहे पनि अहिलेसम्म एउटा मात्र युद्धविराम सम्झौता नोभेम्बरमा भएको थियो। उक्त सम्झौता अन्तर्गत ७८ जना बन्धक र सयौं प्यालेस्टिनी कैदीलाई रिहा गरिएको थियो। रासस



**शङ्खको प्रतिमा**: सल्यान छत्रेश्वरी गाउँपालिका–६ स्थित शङ्खमूलमा निर्मित नेपालको सबैभन्दा ठूलो दाबी गरिएको शङ्खको प्रतिमा। तस्बिरः कुलदीप न्यौपाने/रासस

### सन्तानमा ....

'जिन'मा परिवर्तन आएर स्नायु प्रणालीको सहजरूपमा विकास नहुनु, गर्भावस्थामा जथाभावी औषधि खानु, प्रसवको बेलामा शिशुलाई आघात पर्नु, जन्मिंदा दिमागमा अक्सिजनको मात्रा कम हुँदा मानसिक अवस्थामा समस्या आउने गरेको चिकित्सकको भनाइ छ।

तीनजना अटिजम अभिभावक मिलेर २०७८ सालमा हेटौंडामा 'सेन्टर फर अटिजम मकवानपुर' संस्थाको सुरुआत गरेका थिए। हाल उक्त संस्थामा मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरभित्रका २४ जना बालबालिका छन्। यहाँबाट चारजनाले मन्टेश्वरी र विद्यालयमा अध्ययन गर्न गएका छन्। अटिजम भएकाको अभिभावकबाट आर्थिक स्रोत जुटाएर संस्था चलाउँदै आएका छन्।

राष्ट्रिय जनगणना–२०७८ अनुसार बाग्मती प्रदेशका १३ जिल्लामा एक हजार २५३ जनामा अटिजम भएको तथ्याङ्क छ। प्रदेशमा अटिजम भएकामा सबैभन्दा बढी काठमाडौंमा ४९५ र चितवनमा ११३ जना छन्। ललितपुरमा ८३, भक्तपुरमा ७८, मकवानपुरमा ७७, काभ्रेपलाञ्चोकमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३, रामेछापमा २८ जना र रसुवामा १७ जना बालबालिकामा अटिजम देखिएको छ।

जनगणना अनुसार नेपालमा दुई हजार ६२८ जना महिलासहित चार हजार ८८६ जनामा अटिजम भएको छ।

भौगोलिक अवस्था अनुसार हिमालमा २१० महिलासहित ३२८ जना, पहाडमा एक हजार १५० जना महिलासहित दुई हजार २२९ जना र मधेसमा एक हजार २६८ महिलासहित दुई हजार २२९ जनामा अटिजम भएको तथ्याङ्क छ।

सन् २०२३ को नयाँ तथ्याङ्क अनुसार ३६ जना बच्चामध्ये एकजनालाई अटिजम भएको पाइएको छ। भारतमा आठ करोड मानिसमा अटिजम भएको अनुमान छ। श्रीलङ्कामा दुई लाख मानिसलाई अटिजम भएको अनुमान गरिएको छ। अटिजमलाई एक जटिल प्रकारको मस्तिष्कको विकासात्मक तथा जन्मजात अपाङ्गता मानिन्छ। शारीरिकरूपमा अपाङ्गता स्पष्ट नहुने र व्यावहारिकरूपमा मात्र चिनिने भएकोले यो अवस्था सानो उमेरमा पत्ता लगाउन समस्या हुने गरेको अटिजम भएका बालबालिकाको अभिभावकको अनुभव छ।

### सञ्चारगृह ...

सीमान्तकृत समुदायको सहभागिता अत्यन्त नाजुक रहेको तथ्य पेश गरिन्।

महिला अधिकारकर्मी दुर्गा सोबले हरेक क्षेत्रमा अन्तरलैङ्गिक समानता आवश्यक रहेको बताइन्। प्रत्येक सञ्चारमाध्यमको कार्य संरचनामा उक्त नीति प्रभावकारी ढङ्गले लागू हुनुपर्नेमा उनले जोड दिइन्।

दलित महिला सङ्घ (फेडो)को संस्थापक अध्यक्षसमेत रहेकी सोबले हरेक क्षेत्रमा जबसम्म समान सहभागिता रहँदैन, तबसम्म समावेशी सिद्धान्त अपूरो रहने बताइन्। "चेतनशील सञ्चारमाध्यम नै समावेशी सिद्धान्त अपनाउँदैनन् भने अरूको अवस्था कस्तो होला ?" उनले प्रश्न गरिन्।

'आमसञ्चार र समावेशी पत्रकारिता' पुस्तकका लेखक तारमणि सापकोटाले सञ्चारमाध्यममा महिला सहभागिताको स्थिति तथ्याङ्गतरूपमा प्रष्ट पारेका थिए। "सञ्चारमाध्यममा महिला सहभागिता न्यून त छ नै, त्यसमा पनि नेतृत्व तहगत भूमिका अझै कमजोर छ," उनले भने, "समावेशी गर्ने प्रयत्न भएपनि पर्याप्त छैन।"

# हेपाटाइटिस भाइरसबाट दैनिक तीन हजार ५०० मानिसको मृत्यु

जेनेभा, २७ चैत/एएफपी

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले हेपाटाइटिस भाइरसबाट हरेक दिन तीन हजार पाँच सयभन्दा बढी मानिस मर्ने गरेको र यो सङ्ख्या बढिरहेको मङ्गलवार चेतावनी दिएको छ। सङ्गठनले दोस्रो सबैभन्दा ठूलो सङ्क्रामक हत्यारा यस भाइरससँग लड्न छिटो कारबाही गर्न आग्रह गरेको छ।

यस साता पोर्चुगलमा भएको विश्व हेपाटाइटिस शिखर सम्मेलनका साथ जारी डब्ल्युएचओको प्रतिवेदन अनुसार सन् २०२२ मा १८७ मुलुकको तथ्याङ्कले भाइरल हेपाटाइटिसबाट मृत्यु हुनेको सङ्ख्या १३ लाख पुगेको देखाएको छ। डब्ल्युएचओको ग्लोबल एचआइभी, हेपाटाइटिस र यौन सञ्चारित सङ्क्रमण कार्यक्रम प्रमुख मेग डोहर्टीले यो डरलाग्दो प्रवृत्ति भएको बताए।

प्रतिवेदनमा हेपाटाइटिस सङ्क्रमणबाट विश्वभर दैनिक तीन हजार पाँच सयको मृत्यु हुने गरेको र त्यसमा ८३ प्रतिशत हेपाटाइटिस बी र १७ प्रतिशत हेपाटाइटिस सीबाट हुने उल्लेख छ।

प्रतिवेदनमा प्रभावकारी र सस्तो जेनेरिक औषधिले यस्ता भाइरसहरूको उपचार गर्न सकिने र सन् २०२२ मा पुरानो हेपाटाइटिस–बीबाट सङ्क्रमण भएकामध्ये तीन प्रतिशतले मात्र उपचार पाएको उल्लेख छ। हेपाटाइटिस–सीबाट सङ्क्रमितमध्ये २० प्रतिशतको उपचार गरिएको थियो।

"हेपाटाइटिसको सङ्क्रमणलाई रोक्न विश्वव्यापीरूपमा प्रगति भएपनि मृत्युदर बढ्दै गएको छ," डब्ल्युएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक विज्ञप्तिमा भने।

अफ्रिकामा पाँचमध्ये एकजना शिशुलाई जन्मको समयमा खोप लगाइए पनि नयाँ हेपाटाइटिस–बी सङ्क्रमणको ६३ प्रतिशत मामिला देखिएको प्रतिवेदनमा उल्लेख छ। संयुक्त राष्ट्र एजेन्सी डब्ल्युएचओले प्रभावित देशहरूसँग जेनेरिक हेपाटाइटिस औषधिमा पर्याप्त पहुँच नभएकामा पनि दुःख व्यक्त गऱ्यो।

प्रतिवेदन अनुसार कुल हेपाटाइटिसका दुई तिहाइ केस बङ्गलादेश, चीन, इथियोपिया, भारत, इन्डोनेशिया, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, रूस र भियतनाममा छन्। सन् २०२५ सम्ममा यी १० देशमा हेपाटाइटिस रोकथाम गर्न र उपचारमा विश्वव्यापी पहुँच पुऱ्याउन आवश्यक रहेको डब्ल्यूएचओले बताएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### भविष्य कथन ...

पिता कस्तो छ। जन्मस्थान कस्तो छ। आत्मामा शुद्धता छ/छैन हेर्न सकिन्छ। अग्नि तत्त्वको कारक ग्रह भएकाले व्यक्तिको ऊर्जामापन यसै ग्रहबाट गर्न सकिन्छ। यो ग्रहहरूका राजा भएकाले व्यक्तिमा नेतृत्व क्षमता कस्तो छ भन्ने ज्ञात गर्न सकिन्छ।

मनलाई प्रत्यक्ष प्रभाव पार्ने ग्रह चन्द्रमा हो। यो ग्रहले भावनात्मक कुरालाई प्रतिनिधित्व गर्छ। व्यक्तिको मानसिक अवस्थालाई उसको चन्द्रमाको अवस्थाले स्पष्ट पार्छ। चन्द्रमा जलसँग सम्बन्धित ग्रह हो। मानिसको शरीरमा पनि अधिक जल तत्त्व हुने हुनाले चन्द्रमाको अवस्थाका आधारमा शरीर र मनको अवस्था मापन गर्न सकिन्छ। यसले माता, सुख, मन, मनस्थितिको ज्ञात गराउँछ। चन्द्रमा मनको कारक भएको कारण व्यक्तिको मनमा उत्पन्न हुने भाव र त्यसबाट सिर्जना हुने कर्मको प्रकृति पनि थाहा पाउन सकिन्छ।

अर्को ग्रह बुध हो। शिक्षाको मालिक बुध बुद्धिको कारक ग्रह हो। सञ्चारको कारक ग्रहको रूपमा बुधलाई लिइन्छ। बुधको अवस्थालाई हेरेर व्यक्तिमा जनसम्पर्कको अवस्था कस्तो छ भन्ने आकलन गर्न सकिन्छ। कुनै पनि सूचनाको सञ्चार, गोपनीयता, सूचना सङ्कलन तथा सूचनाको उपयोग कस्तो हुन सक्ला भन्ने अनुमान लगाउन सकिन्छ। यो ग्रह व्यापारको कारक पनि हो। यसले व्यक्ति व्यापारमा सफल हुन्छ/हुँदैन भन्ने ज्ञात गर्न सकिन्छ।

शुक्र ग्रह समृद्धि र सम्पन्नताको ग्रह हो। यसले व्यक्तिको जीवनमा सम्पन्नता कस्तो रहन्छ भन्ने थाहा लाग्छ। सम्पत्ति, सम्पन्नता, खुशीको स्रोत शुक्र ग्रहको अवस्थाबाट ज्ञात गर्न सकिन्छ। हरेकको जीवनमा खुशीको आधार धन–सम्पत्ति हो भने साथमा खुशी र आनन्दित जीवनका लागि प्रेम आवश्यक हुन्छ। अर्थको विषय शुक्रलाई जोडेर हेरिन्छ। यदि अर्थ राम्रो छ भने उसको जोश, जाँगर र ऊर्जा पनि सकारात्मक हुन्छ। शुक्र मनोरञ्जनको कारक पनि भएकोले व्यक्तिमा कतिको रमाइलोपन छ भन्ने पनि यसैबाट ज्ञात हुन्छ। समृद्धि, खुशी, आनन्द, मनोरञ्जन, सौन्दर्य, जोश, वीर्य, पुरुषको दाम्पत्य जीवन यी सबै कुरा शुक्रको कब्जामा हुन्छ।

मङ्गललाई व्यक्तिको साहसको अवस्थामा हेरिन्छ। यो ग्रह अग्निकारक ग्रह हो। यसले ऊर्जा र शक्तिको प्रतिनिधित्व गर्छ। व्यक्तिमा साहस कति छ ? शक्ति र ऊर्जा कति छ ? लडाइँ या झगडामा कति शक्ति खर्च गर्छ। निडर छ वा डरपोक छ, यसैबाट ज्ञात हुन्छ। त्यस्तै, बृहस्पति ग्रहले धर्म र भाग्यको प्रतिनिधित्व गर्छ। यसले सन्तान, धन, धर्म, अध्यात्म जस्ता विषयमा आफ्नो अवस्था अनुसारको फल प्रदान गर्छ। शुभ बृहस्पतिले भाग्यवान् बनाउँछ भने अशुभ बृहस्पतिले कुल परम्परामा नकारात्मकता ल्याइ व्यक्तिलाई विभिन्न समस्यासँग लड्न बाध्य बनाउँछ। जसको बृहस्पति राम्रो छ, उसको सर्वत्र शुभ बनाउँछ। ज्ञानको कारक भएको व्यक्तिमा कति ज्ञान छ भन्ने यसैबाट ज्ञात हुन्छ।

न्यायको कारक ग्रह शनि हो। यसले नीति नियम र अनुशासनको प्रतिनिधित्व गर्छ। व्यक्ति कति अनुशासित छ भन्ने कुरा शनिको अवस्थाबाट थाहा हुन्छ। यसले कर्मको प्रतिनिधित्व गर्छ। व्यक्ति कति मिहेनत गर्छ, नियमको पालना गर्छ या गर्दैन, अल्छी छ या छैन, आयु कस्तो छ जस्ता विषयमा शनिको अवस्थाले स्पष्ट पार्छ।

राहु ग्रह आकस्मिताको कारण हो। कुनै पनि आकस्मिकरूपमा हुने सकारात्मक या नकारात्मक घटनाको कारक राहु हो। यो परिवर्तनको स्रोत हो। यसले व्यक्तिलाई विद्रोही बनाउँछ। अधिक सफलता या अधिक असफलताको कारक पनि राहु हो। केतु ग्रह व्यक्तिको आन्तरिक अवस्था हो। यसले व्यक्तिभित्रको चेतको प्रतिनिधित्व गर्छ। कसैलाई महायोगी, साधु बनाउनेसम्मको काम केतुले गर्न सक्छ। पुनर्जन्म या मोक्ष केतुको अवस्थाले बताउँछ। राहु र केतु दुवै छाया ग्रह हुन्। यिनको आफ्नो भौतिक स्वरूप छैन।

यसरी ग्रहहरूको विशेषता, जिम्मेवारी र कारक तत्त्वको आधारमा व्यक्तिको जीवनको मार्गदर्शन मिलाउँदै कर्ममा सम्बन्धित ग्रहको उपयोग गराउनुपर्छ। ज्योतिषीय परामर्शमा ग्रहहरूको कारक तत्त्वलाई जीवनका विभिन्न चरणमा दशा, अन्तरदशाका आधारमा प्रयोग गराउन मार्गदर्शन गर्ने काम ज्योतिषीको हो। केवल भविष्यवाणी मात्र ज्योतिषीको काम होइन। ज्योतिषीको काम भविष्यमा हुने घटनाको फेहरिस्त बताउने मात्र नभएर उसको लक्ष्यप्राप्तिका लागि ग्रहहरूको उपयोग गर्ने मार्ग देखाउने हो। ज्योतिषीले ग्रहको अवस्था उसको कारक तत्त्व र दशाका आधारमा व्यक्तिको कर्मलाई दिशानिर्देश गर्ने हो भने कुनै पनि मानिस जीवनमा असफल हुँदैन। विगत, वर्तमान र भविष्यको ग्रहको गतिका आधारमा पेशा, व्यवसाय या अन्य कर्ममा ग्रहहरूको उपयोग गर्न परामर्श दिने हो भने ज्योतिषी जीवनको सच्चा मार्गदर्शक बन्छ। कुन विषयको कमीले व्यक्ति पीडित छ या कुनको अधिक प्रभावले समस्यामा छ भन्ने बुझेर कमजोरलाई बल दिने र अधिकलाई कटौती गर्ने हो भने मात्र ज्योतिषशास्त्रको सही उपयोग हुन सक्छ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# धोबिनीका आगलागीपीडितलाई राहत वितरण

प्रस, पोखरिया, २७ चैत/

धोबिनी गाउँपालिका–३ गुलरियामा गएराति आगलागी भएको छ । आगलागीबाट स्थानीय राजेन्द्र पटेल, फरिन्द्र पटेल, हनिफ मियाँ, रवीन्द्र पटेलका गरी चारवटा घर जलेर नष्ट भएको छ ।




आगलागीमा परेर गरगहना, लत्ताकपडा, फर्निचर, खाद्यान्न, साइकल, भाँडाकुँडा, नगद, चौपाया क्षति भएको बताइएको छ । गएराति १२ बजे विद्युत्को तार सर्ट भएर आगलागी भएको र स्थानीयवासी, प्रहरी, वारुणयन्त्रको सहयोगमा आगो नियन्त्रणमा आएको इलाका प्रहरी कार्यालय, पोखरियाले जनाएको छ ।

चैत २७ गते पर्साको गुलरिया गाउँमा भएको आगलागीबाट पीडित परिवारलाई नेपाल रेडक्रस सोसाइटीले राहत सामग्री वितरण गरेको छ ।

घटनास्थलमा पुगेर रेडक्रसको टोलीले त्रिपाल, कम्बल, चामल, दाल, तेललगायतका राहत सामग्री वितरण गरेको नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेशका उपकोषाअध्यक्ष सलाउद्दीन अहमदले बताए ।

# सप्तशती महायज्ञका लागि कलशयात्रा

प्रस, सिम्रौनगढ, २७ चैत/

बाराको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल सिम्रौनगढ नगरपालिकामा चैते नवमी मेलाको अवसरमा मङ्गलवार




सप्तशती महायज्ञको लागि कलशयात्रा निकालिएको छ ।

सप्तशती महायज्ञस्थल सिम्रौनगढ कङ्काली मन्दिर परिसरबाट निकालिएको कलशयात्रा अमरपुर, स्तुवाही, कमलपुर, झवानी, खजानी, सलेमपुर हुँदै पुनः सिम्रौनगढ कङ्काली ईशरा पोखरीबाट झलबोझी गरेर यज्ञशालामा विधिवत् घटस्थापना गरिएको थियो ।

कलशयात्रामा नगरप्रमुख किशोरी कलवार, वडाध्यक्षहरू नन्दकिशोर जयसवाल, विवेक मेहता, सरजुग महतो, जगदीश महतोलगायत कुमारी कन्या, महिला, पुरुष, बालबालिकाको उल्लेख्य सहभागिता थियो ।

# गोठमा आगलागी

प्रस, पंचगावाँ, २७ चैत/

पटेर्वासुगौली गाउँपालिका–४ पटेर्वाटोलमा मङ्गलवार आगलागी भएर एउटा गोठ जलेर क्षति पुगेको छ ।




स्थानीय भागीरथ महतोको गोठमा विद्युत् सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ ।

बिहान पौन ११ बजे लागेको आगो एक घण्टापछि नियन्त्रणमा आएको थियो । आगलागीबाट भएको क्षतिको विवरण आइनसकेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए ।

# ज्ञानदामा अनुसन्धान, प्रकाशनसम्बन्धी गोष्ठी

प्रस, वीरगंज, २७ चैत/

ज्ञानदा एकेडेमीले अनुसन्धान तथा प्रकाशनसम्बन्धी शैक्षिक गोष्ठी सम्पन्न गरेको छ। गोष्ठीको उद्घाटन कार्यक्रमका




प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका प्राडा महानन्द चालिसेले गरेका थिए । उनले अनुसन्धानकर्ताको प्राथमिक कार्य भनेको बृहत् वैज्ञानिक समुदायमा प्राविधिक नतीजाहरूको सञ्चार भएको र त्यो लिखित वा मौखिकरूपमा हुन सक्ने बताए ।उनले वैज्ञानिक सञ्चार, वैज्ञानिक अनुसन्धान विधिमा एक महत्त्वपूर्ण चरण भएको र एक वैज्ञानिक क्षेत्रभित्र यी सबै अपरिहार्य भएका कारणले लिखित वैज्ञानिक पाण्डुलिपि र लेखलाई हल्का रूपमा लिन नहुने सुझाए । प्राडा चालिसेले वैज्ञानिक अनुसन्धान एक परिभाषित अनुसन्धानका साथै प्रश्नबाट शुरू हुने, जसको परिणाम राम्रोसँग डिजाइन गरिएको अनुसन्धान प्रोटोकलमा हुन्छ र जसले समग्र दृष्टिकोणको योजना बनाउँछ भनी बताए । उनले शैक्षिक सुधारमा अपनाउन सकिने उपायहरूका बारेमा पनि जानकारी गराएका थिए ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक बाबुराम तिम्सिनाले आफ्नो पेशालाई निरन्तरता दिन यसले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले त्यसतर्फ आवश्यक ध्यान दिन सुझाए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप तुल्स्यान, ज्ञानदाका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइराला लगायतको सहभागिता थियो ।

### अन्सारी र साह ...

उनलाई हिजो राति भर्ना गरिएको हो । आज पनि उनी सोही अस्पतालको सघन उपचार कक्षमा भर्ना अवस्थामा छन् । प्रहरीले दुई दिनको थुना आदेश लिएकोले उनी सो अवधिसम्म निको भएर अस्पताल बाहिर आउने छाँटकाँट पनि छैन ।

वीरगंज महानगरपालिका अन्तर्गत उपप्रमुख इम्तियाज आलम संयोजक रहेको बजार व्यवस्थापन तथा अनुगमन समितिको अगुवाइमा सोमवार कलेजको प्रयोगशालामा छापामारी गरिएको थियो। तर छापामारीको क्रममा प्रयोगशालाको फ्रिजमा मिति गुज्रिएका केमिकलहरू बरामद भएपनि महानगरले कलेजविरुद्ध कुनै कारबाही प्रक्रिया भने अगाडि बढाएको छैन ।

बजार व्यवस्थापन तथा अनुगमन समितिका अनुसन्धान अधिकृत विपिनलाल दासले प्रयोगशालाबाट मिति गुज्रिएका ३३ थरीका केमिकलहरू बरामद भएको, बरामद केमिकलहरू नियन्त्रणमा लिएको र प्रयोगशालामा नयाँ केमिकलहरू प्रयोग गर्न निर्देशन दिएको तर अन्य कारबाही भने नभएको बताएका छन् ।

पहिलोपटकलाई चेतावनी दिएको र घटना दोहोरिए कारबाही हुने उनले बताएका छन्। महानगरसँगै छापामारीमा गएका औषधि व्यवस्था कार्यालय, जिल्ला प्रशासन, घरेलु, वाणिज्य, वीउवासङ्घ लगायतले कारबाही नगरेको यो घटनामा प्रहरीले भने कालोबजारीको मुद्दा चलाएको छ।


## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं ।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हडतालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौं:**

- आफूखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट वञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।
- कुनै समस्या परे नजीकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## मच्छिन्द्रको सङ्घर्षपूर्ण जीत

प्रस, सिमरा, २७ चैत/

विभागीय टोली त्रिभुवन आर्मी क्लबविरुद्ध सङ्घर्षपूर्ण जीत निकाल्दै मच्छिन्द्र क्लब जगदम्बा स्टील १४औं जीतपुरसिमरा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।




खेलको 'म्यान अफ दी म्याच' मच्छिन्द्र क्लबका मनीष डाँगीलाई प्रदान गर्दै बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल । तस्वीरः सौजन्य

मङ्गलवार राति सिमरा रङ्गशालामा भएको प्रतिस्पर्धात्मक खेलमा आर्मीविरुद्ध मच्छिन्द्रले १–० को सङ्घर्षपूर्ण जीत निकाल्दै सेमिफाइनल यात्रा तय गरेको छ । मच्छिन्द्रको जीतमा खेलको ६९औं मिनेटमा सौरभ लिम्बुले एकमात्र निर्णायक गोल गरे । खेलको ६३औं मिनेटमा अभिषेक गुरुङको ठाउँमा मैदान प्रवेश गरेका लिम्बुले आर्मीका गोलरक्षक विकेश कुथुको गलतीको फाइदा उठाउँदै सहजै गोल गरेका थिए ।

सेन्टर लाइनबाट बल अघि बढाएका विमल घर्तीमगरको पासमा सौरभ लिम्बुले डिबक्स बाहिरैबाट बललाई गोलपोस्टको दिशा दिएका थिए । मच्छिन्द्रको प्रयासलाई रोक्न डि–एरिया बाहिरै आइपुगेका आर्मीका गोलरक्षक कुथुलाई बिट गर्दै सौरभले सुन्दर गोल गरेका थिए ।

खेलको ८८औं मिनेटमा मच्छिन्द्रले अग्रता दोब्बर पार्ने मौका गुमायो । आर्मीका डिफेन्डर विमल पाण्डेले मच्छिन्द्रका विमल घर्तीमगरलाई डिबक्सभित्र लडाएपछि एन्फा रेफ्री उमेश बिडारीले मच्छिन्द्रलाई पेनाल्टी मौका दिएका थिए । मच्छिन्द्रका देवेन्द्र तामाङको पेनाल्टी प्रहार क्रसबार माथि गयो । खेलको अन्तिम समयमा पाएको सो अवसर गुमाउँदा मच्छिन्द्रले अग्रता जोगाउन अन्तिम सङ्घर्ष गर्नुपऱ्यो ।

राष्ट्रिय टीमका चर्चित अनुहारहरू सिमरा रङ्गशालामा उत्रँदा रङ्गशालामा उपस्थित पाँच हजारभन्दा बढी दर्शक उत्साहित देखिन्थे । प्रतिस्पर्धात्मक खेलमा दुवै टीमले आकर्षक अवसरहरू सिर्जना गरे पनि पहिलो गोलका लागि ६९औं मिनेटसम्म कुर्नुपरेको थियो ।

खेलको 'म्यान अफ दी म्याच' मच्छिन्द्र फूटबल क्लबका मनीष डाँगी घोषित भए । उनले १० हजार नगदसहित ट्रफी प्राप्त गरे । बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल र शुभारम्भ कलेजका निर्देशक अनिल चौधरीले 'म्यान अफ दी म्याच'को पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगिता अन्तर्गत बुधवार आयोजक नवजनजागृति युवा क्लब सिमरा र नेपाल प्रहरीको विभागीय टोली नेपाल पुलिस क्लबका बीच खेल हुनेछ ।

## अन्तरप्रदेश महिला क्रिकेटको उपाधि सुदूरपश्चिमलाई

भरतपुर (चितवन), २७ चैत/ रासस

प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत महिला क्रिकेटको उपाधि सुदूरपश्चिम प्रदेशले जितेको छ । चितवनको भरतपुरस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको नमूना मैदानमा मङ्गलवार भएको फाइनल खेलमा कोशी प्रदेशलाई पाँच विकेटले पराजित गर्दै सुदूरपश्चिमले उपाधि जितेको हो । उपाधिसँगै सुदूरपश्चिमले ट्रफी र स्वर्ण पदक प्राप्त गऱ्यो । उपविजेता कोशी प्रदेशले ट्रफी र रजत पदक प्राप्त गऱ्यो । विजेताहरूलाई समापन समारोहका प्रमुख अतिथि बाग्मती प्रदेशका सांसद ईश्वर सापकोटाले पुरस्कार प्रदान गरे ।

उक्त प्रतियोगिताको उत्कृष्ट प्रशिक्षक सुदूरपश्चिमकी जानकी भट्ट भइन् भने उत्कृष्ट बलर कोशी प्रदेशकी अलिशा खदिया र उत्कृष्ट ब्याटर सुदूरपश्चिमकी कप्तान बिन्दु रावल भइन् । फाइनलमा कोशीले दिएको ९३ रनको लक्ष्य सुदूरपश्चिमले १९ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो । सुदूरपश्चिमको जीतमा कप्तान बिन्दु रावलले ३८




रनको महत्त्वपूर्ण पारी खेलिन् । उनले ४४ बलको सामना गर्दै तीन चौका र एक छक्का प्रहार गरिन् । लक्ष्मी साउदले अविजित १२, सावित्री धामीले १२, कविता कुवँरले ११ र रुबी पोद्दारले ११ रन बनाए ।

बलिङतर्फ कोशी प्रदेशकी रुविना क्षेत्रीले दुई, सबनम राई र सङ्गीता राईले समान एक/एक विकेट लिए । यसअघि टस हारेर पहिला ब्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर ९२ रन बनाएको थियो । उसका लागि अप्सरी बेगमले सर्वाधिक ३२ रनको पारी खेलिन् । उनले दुई चौका र एक छक्का प्रहार गरिन् । कप्तान रुविना क्षेत्रीले १७ रन बनाइन् । बलिङतर्फ सुदूरपश्चिमकी कविता जोशीले तीन तथा रितु कनौजिया र स्नेहा महराले समान दुई/दुई विकेट लिए ।

कविता 'प्लेयर अफ दी म्याच' भइन् । खेलकूद विकास परिषद् बाग्मतीको आयोजनामा प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेट प्रतियोगिता बुधवारदेखि शुरू हुँदैछ ।